# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १७६ | काठमाडौं | सोमबार, १० कात्तिक २०८२ | Prabhab National Daily | Monday, 27 October 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं**

असन्तुलित खानपान तथा जीवनशैलीकाकारण मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघात जस्ता रोगहरू लाग्न सक्छन् ।

त्यसैले,

- सन्तुलित र स्वस्थ खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा, सुती तथा सुतीजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं

नेपाल सरकार
**विज्ञापन बोर्ड**




छठ पर्वमा पूजाअर्चना गर्नका लागि सजाइएको जनकपुरधामस्थित पवित्र धनुष सागर सरोवरमा आइतबार झिलिमिली देखिएको छठघाट ।

*तस्विर: रासस*

फरार कैदीबन्दीको खोजी

# सार्वजनिकस्थलमा तस्बिर टाँस्दै सरकार

- पाँच हजारभन्दा बढी फरार कैदीबन्दीको तस्बिर सार्वजनिकस्थलमा टाँसिने
- सर्वसाधारणलाई फरार कैदीबन्दीको पहिचान गरी प्रहरीलाई जानकारी दिन सहज हुने अपेक्षा
- फरार कैदीबन्दीमा नेपालीपछि भारतीय बढी





एआईद्वारा सिर्जित प्रतीकात्मक तस्बिर

■ **जेबी योञ्जन**

**काठमाडौं–** सरकारले जेन-जी आन्दोलनको क्रममा कारागारबाट फरार भएका झण्डै पाँच हजार कैदीबन्दीलाई पक्राउ गर्न नयाँ रणनीति अपनाउने भएको छ । कारागार व्यवस्थापन विभागका निर्देशक चोमेन्द्र न्यौपानेका अनुसार फरार कैदीबन्दीहरूको तस्बिर सार्वजनिक सेवा दिने स्थलहरूमा टाँसिने भएको छ ।

मानिसहरूको बढी भिडभाड हुने ठाउँहरूमा पनि तस्बिर टाँसिने भएको छ । त्यसो गर्दा फरार कैदीबन्दीहरूको पहिचान गर्न र प्रहरीलाई खबर गर्न सर्वसाधारणलाई सहज हुने न्यौपानेले बताए ।

'चाडबाड सकिएलगत्तै फरार कैदीबन्दीहरूलाई कारागारमै फिर्ता ल्याउन उनीहरूको तस्बिर प्रकाशन गरेर सार्वजनिक सेवा प्रवाह गर्ने स्थलहरूमा टाँस्छौं र मानिसहरू बढी जमघट हुने ठाउँहरूमा राख्छौं,' उनले प्रभावसँग भने, 'यदि उनीहरूलाई देखे सर्वसाधारणले प्रहरीलाई खबर गर्न सजिलो हुन्छ ।'

त्यस्तो तस्बिर उनीहरूको ठेगाना र फरार भएका जिल्लामा टाँस्ने विभागको तयारी छ । यसअघि जिल्ला प्रशासन कार्यालयहरूले वेबसाइटमा फरार कैदीबन्दीहरूको नाम प्रकाशन गरेका थिए । कारागार फर्किन चेतावनीपूर्ण सूचना पनि जारी गरेका थिए । सूचनापछि केही कैदीबन्दी कारागार फर्किए । कतिपयलाई प्रहरीले पक्राउ गर्‍यो । तर, अझै पाँच हजारभन्दा बढी कैदीबन्दी फरार हुँदा शान्ति सुरक्षामा गम्भीर चुनौती थपिएको सुरक्षा निकायहरूको विश्लेषण छ ।

> चाडबाड सकिएलगत्तै फरार कैदीबन्दीहरूलाई कारागारमै फिर्ता ल्याउन उनीहरूको तस्बिर प्रकाशन गरेर सार्वजनिक सेवा प्रवाह गर्ने स्थलहरूमा टाँस्छौं र मानिसहरू बढी जमघट हुने ठाउँहरूमा राख्छौं ।
>
> ■ **चोमेन्द्र न्यौपाने**
> निर्देशक, कारागार व्यवस्थापन विभाग

विभागका निर्देशक न्यौपानेका अनुसार कारागारबाट फरार हुने कैदीबन्दीमा नेपालीपछि सर्वाधिक भारतीय छन् । भारतीय कैदीबन्दीहरू उनीहरूको देश पुगेको हुन सक्ने अनुमान गरिएको छ । केही नेपाली कैदी पनि भारत पुगेको हुन सक्ने विभागले जनाएको छ । 'नेपाल-भारत खुला सीमा छ । त्यसो हुँदा एक देशबाट अर्को देश फरार हुन सक्छन् र उनीहरूलाई पक्राउ गरेर कारागार फर्काउन हामी लागिपरेका छौं,' न्यौपाने भन्छन् ।

फरार कैदीबन्दीहरूको खोजीमा यतिबेला नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग सक्रिय छन् । हरेक जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित फरार बन्दी खोजी तथा पक्राउ कार्यदल पनि क्रियाशील छ । यसले पनि फरार कैदीबन्दीलाई पक्राउ गर्न अभियान चलाउँदै आएको छ । यसबाहेक सरकारले फरार कैदीबन्दीको पक्राउमा सर्वसाधारणको पनि सहयोगको अपेक्षा गरेको छ ।

क्रमशः पृष्ठ २ मा

# कांग्रेसमा किचलो बढ्दा पार्टी फुट्नेसम्मको चेतावनी

- कांग्रेसले असाधारण परिस्थिति भन्दै वर्ष दिन केन्द्रीय समितिको म्याद थप गर्ने तयारी
- कसैगरी मंसिरमै १५औं महाधिवेशन गर्न महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको दबाब
- संस्थापनको पेलानसँग नसकिने भन्दै गगनलाई नयाँ पार्टी गठन गर्न उनीनिकट विश्लेषकहरूको सुझाव

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसमा महाधिवेशनको किचलो बढ्दा पार्टी फुट्नेसम्मको आशंका चुलिएको छ । जेन-जी आन्दोलनपछि पार्टीमा नेतृत्व परिवर्तनको माग उठाउँदै महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशनको माग चर्काए ।



प्रतिस्पर्धी दल नेकपा एमाले र नेकपा माओवादी केन्द्रले मंसिरमा महाधिवेशन तोकिसक्दा दुई महामन्त्रीको प्रस्ताव भने कांग्रेसले सुनेकै छैन । महामन्त्रीद्वयलाई नियमित महाधिवेशनमै जाने भन्दै संस्थापन पक्षले थम्थमाएपछि विशेष महाधिवेशन नारामै सीमित भएको छ ।

गुरुराज घिमिरेको नेतृत्वमा विशेष महाधिवेशन मागसहित ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले गरेको हस्ताक्षर असोज २८ गते केन्द्रीय समितिमा सभापति शेरबहादुर देउवालाई बुझाउने तयारी थियो । तर देउवाले विशेष सम्बोधन गर्दै पूर्णबहादुर खड्कालाई कार्यवाहक दिने भनेपछि उक्त दिन हस्ताक्षर बुझाउन पाएनन् । भोलिपल्टमात्र उक्त हस्ताक्षर कार्यवाहक सभापति खड्काले बुझे ।

केन्द्रीय समितिमा महामन्त्री थापाले नियमित महाधिवेशनको कार्यतालिका प्रस्ताव अघि सार्ने तयारी गरे पनि केन्द्रीय कार्यसम्पादन समितिले उनको प्रस्ताव स्वीकृत गरेन । त्यसपछि गगनले असोज ३१ गते आफूले कार्यसम्पादनमा प्रस्ताव गरेको नियमित महाधिवेशनको कार्यतालिका सार्वजनिक गरे । थापाले महाधिवेशन २०८२ मंसिर २७ देखि २९ गतेसम्म गर्ने गरी प्रस्ताव गरेका हुन् । यो समयमा नसके पुस पहिलो हप्तासम्ममा गर्न उनले प्रस्ताव गरेका छन् ।

## गगनलाई पार्टी फोड्न सुझाव

कांग्रेसमा नियमित महाविधेशन गर्न क्रियाशिल सदस्यताको टुंगो लाग्नुपर्छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

# जिट्को नवीकरण नहुँदा समस्यामा १२६ म्यानपावर



> यो भन्दा अघि असोजमा पनि नवीकरण भएको हो । क्याबिनेट निर्णय पनि चाहिँदैन थियो । यसपालि पनि हुने अन्तिम अवस्थामा थियो अब के समस्या रह्यो, भइदिएन ।
>
> ■ **दीपक थापा**
> अध्यक्ष, लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन



> संस्थाको मुख्य लाइसेन्स नै नवीकरण भइसकेपछि सहायक लाइसेन्स नवीकरण हुन समस्या नभएको अवस्थामा विभिन्न बहानामा व्यवसायीलाई दुःख दिने काम भएको छ ।
>
> ■ **महेश बस्नेत**
> महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

■ **ममता थापा**

**काठमाडौं–** जापान इन्टरनेसनल ट्रेनी एण्ड स्किल्ड वर्कर को-अपरेसन अर्गनाइजेसन (जिट्को)को लाइसेन्स नवीकरण नहुँदा जापानमा कामदार पठाउँदै आएका १२६ वटा म्यानपावर कम्पनी समस्यामा परेका छन् । सय संख्या नपुगेर असार मसान्तभित्र नवीकरण नभएका संस्थाहरूको जिट्को लाइसेन्स नवीकरण नहुँदा समस्यामा परेका हुन् ।

गत असार मसान्तमा सय संख्या नपुर्‍याएका कारण ४३४ म्यानपावर कम्पनीको नवीकरण रोकिएको थियो । त्यसमध्ये ३१९ वटा म्यानपावर त प्रतिबन्धित (ब्लक) नै भएका थिए । केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक साउन १४ गते राष्ट्रपतिले प्रमाणीकरण गरेसँगै सय संख्याको प्रावधान (एक वर्षमा कम्तीमा १०० जना कामदार वैदेशिक रोजगारीमा पठाउनुपर्ने) हटेर संस्था नवीकरण गर्ने बाटो खुलेको थियो । यद्यपि, विभागले श्रम मन्त्रालय र मन्त्रालयले महान्यायधिवक्ताको राय पर्खिंदा साउन २७ गतेबाट बल्ल संस्था नवीकरण सुरु भएको थियो । यद्यपि, जिट्कोको नवीकरण गर्नुपर्ने अन्तिम मिति भने जुलाई ३१ अर्थात् साउन १५ गतेसम्मको मात्र थियो ।

क्रमशः पृष्ठ २ मा

## विभाग भन्छ- नीतिगत समस्या हो

वैदेशिक रोजगार विभागले जिट्को नवीकरण नहुनुमा नीति बाधक भएको जानकारी दिएको छ । जुलाईभरिमा नवीकरण गर्नुपर्ने व्यवस्था भएकाले व्यवसायीलाई दुःख दिने नियत विभागको नभएको महानिर्देशक कमलप्रसाद भट्टराईले बताए ।

'जुलाईभरिमा नवीकरण गरिसक्नुपर्छ भन्ने कानुनी व्यवस्था छ । जुलाई कटिसकेपछि नवीकरण हुन पाएको छैन । निर्देशिका संशोधन भयो भने अर्थात् नीतिगत हिसाबले केही सम्बोधन भयो भने हुन्छ,' उनले भने, 'विभागले दुःख दिएको होइन । यो दुःख दिने कुरै होइन । नीतिगत समस्या परेर हो ।'

मन्त्रालय या मन्त्रालयभन्दा माथिल्लो निकायले मात्र निर्देशिकामा भएको विषय संशोधन गर्न सक्ने भएकाले संसोधन हुनेबित्तिकै विभागले नवीकरण थालिहाल्ने उनको भनाइ छ ।

क्रमशः पृष्ठ २ मा

मन्त्री चयनमा चुक्दै प्रधानमन्त्री कार्की

# विवादितलाई बारम्बार मन्त्री सिफारिस

- प्रधानमन्त्री सुशीला कार्कीद्वारा बहुविवाह र अदालतको अपहेलना मुद्दाका प्रतिवादी खगेन्द्र सुनारलाई श्रम, भूमि मुद्दाका प्रतिवादी गणपतिलाल श्रेष्ठलाई भूमि नै र भ्रष्टाचार आरोपी डा. संगीता कौशल मिश्रालाई स्वास्थ्यमन्त्री सिफारिस
- सर्वत्र आलोचनापछि मन्त्रीको शपथ ग्रहण गर्नबाट वञ्चित



डा. संगीताकौशल मिश्रा



खगेन्द्र सुनार



गणपतिलाल श्रेष्ठ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जेन-जी विद्रोहपछि गठित नागरिक सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले मन्त्रिपरिषद् विस्तार गर्ने क्रममा एकपछि अर्को विवादित पृष्ठभूमिका व्यक्तिलाई मन्त्रीमा सिफारिस गरिन् । राजनीतिक परिवर्तनपछिको संक्रमणकाललाई व्यवस्थापन गर्न दलबाहिरका स्वच्छ छविका विज्ञलाई मन्त्री बनाउने प्रचलन छ ।

त्यसविपरीत प्रधानमन्त्री कार्कीले दोस्रो र तेस्रोपटक मन्त्रिपरिषद् विस्तार गर्ने क्रममा कानुनी कठघरामा उभ्याउनुपर्ने दुई पात्रलाई मन्त्रीमा सिफारिस गरिन् । उनीहरू हुन्- खगेन्द्र सुनार र डा. संगीताकौशल मिश्रा । सुनारलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री र मिश्रालाई स्वास्थ्य तथा जनसंख्यामन्त्रीमा सिफारिस गरेकी थिइन् । भलै, सर्वत्र आलोचनापछि उनीहरूको शपथ रोकियो । मन्त्री हुन पाएनन् । मिश्रा ६ असोजमा मन्त्री हुँदै थिइन् । सुनार आइतबार मन्त्री नियुक्त हुँदै थिए ।

उसो त भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री गणपतिलाल श्रेष्ठको पनि शपथ रोकियो । भन्न त श्रेष्ठले शनिबार भएको समझदारीअनुसार प्रधानमन्त्रीले आफूलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सिफारिस नगर्दा भूमिमन्त्री बन्न अस्वीकार गरेको बताए ।

'हिजो (शनिबार) प्रधानमन्त्रीज्यू, गृहमन्त्रीज्यूसमेतको उपस्थितिमा बसेको बैठकमा म सम्पदा संरक्षण क्षेत्रमा क्रियाशील हुनाले पर्यटनमन्त्री हुने सहमति भएको थियो तर एकाएक मेरो नाम भूमिमन्त्रीको रूपमा सिफारिस भएको मिडियाबाटै थाहा पाएँ,' उनले प्रभावसँग भने, 'अनुभव र ज्ञानविनाको मन्त्रालयको मन्त्री बन्दिनँ भनेर अस्वीकार गरेँ ।'

क्रमशः पृष्ठ २ मा

## तस्बिरमा छठको रौनक









१) छठपर्वलाई लक्षित गर्दै सिंगारिएको वीरगञ्जस्थित घडीअर्वा पोखरी ।
२) वीरगञ्जको घण्टाघर चोकमा छठ पूजाका लागि आवश्यक पर्ने सामग्री किनमेल गर्न आइतबार सर्वसाधारणको भीड ।
३) महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका–२ स्थित महेन्द्र चोकमा छठपर्वका लागि केराको घरी खरिदबिक्री गरिँदै ।
४) छठपर्वका लागि आइतबार नेपालगञ्जस्थित वागेश्वरी मन्दिरपरिसरमा अवस्थित तलाउको किनारमा तयार गरिएका छठघाट । *तस्बिरहरू: रासस*

# संयमित रहन प्रदर्शनरत सबै पक्षलाई आयोगको आग्रह

**काठमाडौं (प्रस)–** राष्ट्रिय मानवअधिकार आयोगले आफ्ना मागहरू सम्बोधन हुनुपर्ने मागसहित शान्तिपूर्ण रूपमा प्रदर्शन गरिरहेका सबै पक्षलाई संयमित रहन आग्रह गरेको छ । आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले आइतबार जारी गरेको प्रेस विज्ञप्तिमा नागरिकले राखेका मागहरू समयमा उचित सम्बोधन गर्न, समस्याको समाधान निकाल्न, सबैको भूमिका सुनिश्चित गर्न, नागरिकको शान्तिपूर्ण प्रदर्शन गर्ने अधिकारसहित मानवअधिकारको सम्मान र संरक्षण गर्न आयोगले सरकारलाई आह्वान गरिएको छ ।




'समस्याको समाधान वार्ता र संवादबाट मात्र सम्भव हुन्छ भन्नेमा आयोग दृढ छ,' विज्ञप्तिमा भनिएको छ, 'हरेक समस्याको समाधान विधिको शासन, संविधान, कानुन र मानवअधिकारको मूल्यमान्यताका आधारमा शान्तिपूर्ण रूपमा खोजिनुपर्दछ ।'

आयोगले विगतका केही अभ्यास हेर्दा शान्तिपूर्ण भनिएका प्रदर्शन पनि ध्वंसात्मक र हिंसात्मक हुन पुगेका तथ्यलाई ध्यानमा राखी आगामी दिनमा त्यस्ता हिंसात्मक गतिविधि हुन नदिन प्रदर्शनरत पक्ष सचेत हुनुपर्नेमा जोड दिएको छ । 'प्रदर्शनलाई शान्तिपूर्ण बनाउन सबै पक्ष जिम्मेवार हुनु आवश्यक छ, आगामी दिनमा हुने प्रदर्शनहरूमा घुसपैठ हुन नदिने दायित्व सरकार र प्रदर्शनकारी दुवैको हो,' विज्ञप्तिमा भनिएको छ, 'प्रदर्शनलाई शान्तिपूर्ण बनाउन सुरक्षा निकायको संयमता, धैर्यता र विवेकपूर्ण व्यवहार अपेक्षित छ ।'

त्यसैगरी, प्रदर्शनरत पक्षले पनि आफ्ना क्रियाकलापलाई शान्तिपूर्ण बनाउने, घृणायुक्त अभिव्यक्ति नदिने, उत्तेजनापूर्ण व्यवहारलाई नियन्त्रण गर्नुपर्नेलगायत कर्तव्य निर्वाह गर्नुपर्ने आयोग विज्ञप्तिमार्फत जनाएको छ । नागरिकका यस प्रकारका अधिकारहरूको सम्मान गर्ने र सो अधिकार उपभोगको सहज वातावरण सिर्जना गर्ने दायित्व राज्यको भएकाले गत भदौ २३ र २४ को प्रदर्शनपश्चात् जेन-जी पुस्ताले उठाएका जायज मागको समयमा सम्बोधन हुनु आवश्यक रहेको आयोगको भनाइ छ ।

# एकैपटक ३१ जिल्लाका प्रजिअ सरुवा

**काठमाडौं (प्रस)–** गृह मन्त्रालयले विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा सहसचिवहरूको सरुवा गरेको छ । मन्त्रालको आइतबारको निर्णयानुसार सहसचिव र प्रजिअ गरी ३६ कर्मचारीको सरुवा तथा पदस्थापन गरिएको हो । मन्त्रालयले आइतबार साँझ जारी गरेको सूचनामा कूल ३१ प्रमुख जिल्ला अधिकारी, एक प्रमुख अध्यागमन अधिकृत, दुई सहसचिव र दुई महानिर्देशकको सरुवा तथा पदस्थापन गरिएको जनाएको छ ।

गौतबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका प्रमुख अध्यागमन अधिकृत खिमबादुर रायमाझीलाई जुम्लाको प्रमुख जिल्ला अधिकारी बनाइएको छ । जुम्लाका प्रजिअ केदारनाथ शर्मालाई गौतबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको प्रमुख अध्यागमन अधिकृत बनाइएको छ । गृह मन्त्रालयका सहसचिव वासुदेव घिमिरेलाई झापाको प्रजिअमा सरुवा गरिएको छ भने झापाका प्रजिअ गोपालकुमार अधिकारीलाई काभ्रेपलाञ्चोकको प्रजिअमा सरुवा गरिएको छ ।

यस्तै गृहका सहसचिव गोगनबहादुर हमाललाई बर्दियाको प्रजिअमा पदस्थापन गरिएको छ भने बर्दियाका प्रजिअ सुरेन्द्र पौडेललाई सिरहामा सरुवा गएिको छ । यस्तै राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक युवराज कट्टेललाई मोरङको प्रजिअमा सरुवा गरिएको छ भने मोरङका प्रजिअ इन्द्रदेव यादवलाई महोत्तरी पठाइएको छ ।

गृहको कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागका महानिर्देशक प्रेमप्रसाद भट्टराईलाई ललितपुरको प्रजिअमा पठाइएको छ भने ललितपुरका प्रजिअ सुमन घिमिरेलाई सोही विभागमा ल्याइएको छ । रूपन्देही, कैलाली, नवलपरासी, महोत्तरी, दोलखा, पर्सा, उदयपुर, डडेलधुरा, लमजुङ, बाँके, बर्दिया, जुम्ला, अर्घाखाँची, रौतहट, कपिलवस्तु, सिन्धुली, अछाम, गुल्मी, सुनसरी, ललितपुर, भक्तपुर, मोरङ, झापा, काभ्रे, बारा, धनकुटा, धनुषा, मकवानपुर, गोरखा, सर्लाही र सिरहाका प्रजिअको सुरुवा गरिएको मन्त्रालयको सूचनामा उल्लेख छ ।

# राजदूत फिर्ता बोलाउने विषयमा १४ गते सुनुवाइ हुने

**काठमाडौं (प्रस)–** राजदूतहरू फिर्ता बोलाउने सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा परेको रिट निवेदनमा यही कात्तिक १४ गते सुनुवाइ हुने भएको छ । न्यायाधीश विनोद शर्माको एकल इजलासले आइतबार लिखित जवाफ माग गर्दै यही कात्तिक १४ गते अन्तरिम आदेश दिने वा नदिने विषयमा दुवै पक्षसँग छलफलका लागि पेसी तोकेको हो ।

अधिवक्ता प्रतिभा उप्रेतीले यही कात्तिक २ गते प्रतिनिधिसभा विघटन भएको अवस्थामा संसदीय सुनुवाइ हुन सक्ने कुनै गुञ्जायस नै नभएको अवस्थामा राजदूत नियुक्ति संविधानतः हुन सक्ने अवस्था नै नभएकाले राजदूत फिर्ता बोलाउने सरकारको निर्णय गैरकानुनी भएको उल्लेख गर्दै उक्त निर्णय बदरको माग गर्दै रिट निवेदन दायर गरेकी थिइन् ।

अदालतको आदेशमा भनिएको छ, 'यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ लिई आउनुहोला ।'

सरकारले गत असोज ३० गते कात्तिक २० गतेभित्र ११ जना राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेको थियो । फिर्ता बोलाइएका राजदूतमा चीनका प्राडा कृष्णप्रसाद ओली, जर्मनीका डा. शैल रूपाखेती, इजरायलका प्रा.धनप्रसाद पण्डित, मलेसियाका डा. नेत्रप्रसाद तिमल्सिना, कतारका रमेशचन्द्र पौडेल, रुसका जंगबहादुर चौहान, साउदी अरबका नरेशविक्रम ढकाल, स्पेनका सनिल नेपाल, संयुक्त अधिराज्य बेलायतका चन्द्रकुमार घिमिरे, संयुक्त राज्य अमेरिकाका लोकदर्शन रेग्मी र जापानका डा. दुर्गाबहादुर सुवेदी रहेका छन् ।

**साउदीमा रोजगार** कम्पनी : KHAYYAT IBRAH TERRUZI MEN'S TAILORING EST.

पूर्व स्वीकृति मिति : २०८२/०७/०९ | LT. No. 332728 | चलानी नं. ६०२४६४०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailors(Cut/Sew/Embroidery) | 2 | 0 | 1200 | ४४,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १७ गते (3rd Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HALESI OVERSEAS PVT LTD
Govt. License No. 1161/073/74
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com

**साउदीमा रोजगार** कम्पनी : SARAH NABIL AL YOUSSEF FOUNDATION

पूर्व स्वीकृति मिति : २०८२/०७/०२ | LT. No. 332683 | चलानी नं. ६०२४६३४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administration Staff | 1 | 0 | 1800 | ६७,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १७ गते (3rd Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Paradeshi Overseas Services Pvt. Ltd.
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060

**साउदीमा रोजगार** कम्पनी : ALOMAIER READYMIX Concrete Factory

पूर्व स्वीकृति मिति : २०८२/०७/०९ | LT. No. 332735 | चलानी नं. ६०२४६४०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६७,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Loading And Unloading Worker | 15 | 0 | 1000 | ३७,४३५ | | | | | | | |

कम्पनी : ALOMAIER TRADING & CONTRACTING CO is a closed joint stock company

पूर्व स्वीकृति मिति : २०८२/०७/०९ | LT. No. 332733 | चलानी नं. ६०२४६४०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Maintenance Of Roads Worker | 20 | 0 | 1000 | ३७,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Drivers | 16 | 0 | 1800 | ६७,३८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १७ गते (3rd Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

**कतारमा रोजगार** कम्पनी : AL AFJAA FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०७/०९ | LT. No. 332721 | चलानी नं. ६०२४६३९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PLUMBER | 4 | 0 | 1200 | ४६,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | PAINTER | 4 | 0 | 1200 | ४६,२६५ | | | | | | | |
| 3 | PIPE FITTER | 3 | 0 | 1200 | ४६,२६५ | | | | | | | |
| 4 | RECEPTIONIST | 1 | 0 | 2100 | ८०,९६५ | | | | | | | |
| 5 | BUILDING WORKER | 1 | 0 | 1200 | ४६,२६५ | | | | | | | |
| 6 | ELECTRIC TECH | 1 | 0 | 1200 | ४६,२६५ | | | | | | | |
| 7 | ASSISTANT MASON | 1 | 0 | 1200 | ४६,२६५ | | | | | | | |
| 8 | PIPE FITTER | 1 | 0 | 1200 | ४६,२६५ | | | | | | | |
| 9 | ELECTRIC | 1 | 0 | 1200 | ४६,२६५ | | | | | | | |
| 10 | MASON | 5 | 0 | 1200 | ४६,२६५ | | | | | | | |
| 11 | BRICK MASON | 2 | 0 | 1200 | ४६,२६५ | | | | | | | |
| 12 | TILE MAKER | 2 | 0 | 1200 | ४६,२६५ | | | | | | | |
| 13 | PLASTER WORKER | 6 | 0 | 1200 | ४६,२६५ | | | | | | | |
| 14 | REINFORC. FITTER | 1 | 0 | 1200 | ४६,२६५ | | | | | | | |
| 15 | DECOR WOODWORKER | 2 | 0 | 1200 | ४६,२६५ | | | | | | | |

कम्पनी : NOVA COFFEE HUB

पूर्व स्वीकृति मिति : २०८२/०७/०९ | LT. No. 332722 | चलानी नं. ६०२४६३९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooker | 1 | 0 | 1700 | ६५,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 1 | 1 | 1400 | ५४,००० | | | | | | | |
| 3 | Labourer | 1 | 0 | 1000 | ३८,५५५ | | | | | | | |
| 4 | Juice Maker (Fresh Juice) | 1 | 0 | 1400 | ५४,००० | | | | | | | |
| 5 | Accountant | 1 | 0 | 4300 | १६५,७९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १७ गते (3rd Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# देशको आर्थिक स्वास्थ्य सुधारौं

सम्पत्ति शुद्धीकरणसम्बन्धी निगरानी गर्ने अन्तर्राष्ट्रिय निकाय फाइनान्सियल एक्सन टास्कफोर्स–एफएटिएफको 'ग्रे–लिस्ट' बाट बाहिर निस्कने नेपालको प्रयास असफल भएको छ । एफएटिएफले शुक्रबार नेपाललाई ग्रे लिस्टमै राख्ने निर्णय गरेको हो । एफएटिएफ त्यस्तो संस्था हो जसमा विश्वका शक्तिशाली अर्थतन्त्र भएका चीन, अमेरिकासहित ४० मुलुक सदस्य छन् । यस संस्थाले सम्पत्ति शुद्धीकरण, आपराधिक गतिविधिबाट आयआर्जन हुने सम्पत्ति र अवैध धनको ओसारपसारसम्बन्धी गतिविधिलाई निगरानी गर्ने गर्छ ।

विकासको पहिलो मेरुदण्ड स्वस्थ अर्थतन्त्र हो । स्वस्थ अर्थतन्त्र भनेको अदृश्य सम्पत्ति, कालो धन, आतंकवादी क्रियाकलापबाट आर्जन गरेका सम्पत्ति र अवैध कारोबार रोकिनु हो । तर नेपालमा यसखाले गतिविधि नियन्त्रण गर्ने कानुनी कार्यान्वयन फितलो छ । नेपालको अवस्था कस्तो छ भन्नेबारे प्रतिवेदन 'एसिया प्यासिफिक ग्रुप अन मनी लाउण्डरिङ' (एपिजी) ले तयार गर्छ । एपिजीले नेपाल आएर स्वतन्त्रपूर्वक यहाँको अर्थतन्त्र, सम्पत्ति शुद्धीकरणसम्बन्धी गतिविधि हेरेर एफएटिएफलाई प्रतिवेदन बुझाउँछ ।

सन् २०२३ जुलाई ९ देखि जुलाई १४ सम्ममा क्यानडाको भ्यानकुभरमा आयोजना भएको एपिजीको वार्षिक प्लेनरी बैठकले नेपालको पारस्पारिक मूल्यांकन पारित गरी सोही आधारमा सन् २०२३ अक्टोबरमा एफएटिएफले नेपाललाई एक वर्षको निगरानी अवधि दिएको थियो । तर नेपालले एक वर्षको निगरानी अवधिमा पनि उल्लेख्य सुधार गर्न सकेन ।

यद्यपि, गत फेब्रुअरीमा सरकारले यी विषयहरू सुधार्ने प्रतिबद्धता एफएटिएफलाई गरेको थियो । सम्पत्ति शुद्धीकरण निवारणका लागि कानुनी सुधार र संस्थागत क्षमता विकास गर्न नेपालले उच्च तहको प्रतिबद्धता, पर्याप्त स्रोत साधन परिचालन, अन्तरनिकाय समन्वयलगायतका विषयमा ध्यान दिनुपर्ने सुझाव नेपाललाई दिइएको थियो । ती सुझावहरू कार्यान्वयनमा आंशिक प्रगति देखिएको भनिए पनि नेपाललाई ग्रे लिस्टबाट बाहिर राख्न पर्याप्त नभएको उल्लेख गरेको हो ।

नेपालमा आतंककारी क्रियाकलापमा वित्तीय लगानी भइरहेको विषयलाई नेपालले पहिचान गर्न नसकेको, गैरवित्तीय पेसा व्यवसायलाई नियामकीय दायरामा ल्याउन नसकेको एफएटिएफको ठहर छ । सम्पत्ति शुद्धीकरण मामलामा अनुसन्धान, जाँचबुझ तथा मुद्दा अभियोजन निकै फितलो छ । सम्बन्धित कानुन तल्लो तहसम्म कार्यान्वयनमा जान नसक्नु नेपालको कमजोरी हो । यी विषयको पहिचान र रोकथाम गर्नुपर्ने, सम्पत्ति शुद्धीकरण मामिला हेर्ने निकायको क्षमता अभिवृद्धि गर्ने तथा यसको अनुसन्धान र अभियोजन प्रक्रियालाई चुस्त बनाउनुपर्ने सुझाव एफएटिएफले नेपाललाई दिएको छ ।

एफएटिएफले ग्रे लिस्टमा पारेका मुलुकहरूमा अन्तर्राष्ट्रिय लगानी नआउने जोखिम उत्तिकै हुन्छ । नेपालमा सहकारी, क्यासिनो, गहना पसल, घरजग्गा कारोबारलगायतका क्षेत्रमा जोखिममा छन् । अवैधरूपमा सुन भित्रिनु, हुण्डीबाट गैरकानुनी कारोबार बढाउनु, घरजग्गामा लगानी भएका सम्पत्तिको स्रोत नखुलाउनुजस्ता विषयलाई सरकारले पारदर्शी बनाउन सकेको छैन । देशको विकास र अन्तर्राष्ट्रिय लगानी भित्र्याउन स्वस्थ अर्थतन्त्र आजको आवश्यकता हो । त्यसका लागि एफएटिएफले दिएको सुझावलाई सरकारले पालना गर्नु टड्कारो भइसकेको छ ।

## श्रम सरोकार

# वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने । नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस् ।

# प्रकृतिप्रति आस्था, श्रद्धा र आत्मशुद्धिको पर्व



डा. शोभाकर पराजुली

> छठ पर्वले राष्ट्रिय एकता र सांस्कृतिक विविधताको समन्वय पनि प्रदर्शन गरेको छ । तराई क्षेत्रको मौलिक परम्परा अब देशव्यापी रूपमा फैलिएको छ । पहाडी र हिमाली क्षेत्रमा पनि सूर्यपूजाको महत्त्व बुझ्दै छठ मनाउने चलन बढ्दै गएको छ । यसले क्षेत्रीय भिन्नतालाई कम गर्दै साझा संस्कृतिको पहिचान स्थापित गरेको छ । तराईको गीत, रीतरिवाज र संस्कार काठमाडौंसहित अन्य भागमा फैलिँदा सांस्कृतिक आदानप्रदानको सुन्दर पुल बनेको छ । यसरी छठ पर्वले देशलाई भावनात्मकरूपमा एक सूत्रमा बाँध्ने माध्यम बनेको छ ।

छठपर्व हिन्दूधर्मका सबैभन्दा पवित्र र अनुशासित पर्वमध्ये एक मानिन्छ, जसलाई सूर्यदेव र छठी माईको आराधनाका रूपमा अत्यन्त श्रद्धा र भक्ति भावले मनाइन्छ । नेपालको तराई क्षेत्रमा बसोबास गर्ने मैथिल, भोजपुरिया, थारु तथा अन्य समुदायका साथै भारतका विहार, झारखण्ड, उत्तर प्रदेश, पश्चिम बंगाल र दिल्लीमा यो पर्वको ठूलो महत्त्व छ । यस पर्वमा लाखौं भक्तजनले नदी, तलाउ वा पोखरीको किनारमा शुद्ध मनले सूर्यदेवलाई अर्घ्य अर्पण गर्छन् र परिवार, समाज र प्रकृतिप्रतिको कृतज्ञता प्रकट गर्छन् । पछिल्ला वर्षमा राजधानी काठमाडौंसहित देशका अन्य सहरमा पनि छठ पर्वको प्रचलन तीव्र रूपमा बढ्दै गएको छ । सहरमा पनि श्रद्धालुहरूले जलाशय सफा गरी सामूहिक रूपमा पूजा-अर्चना गर्ने परम्परा स्थापित गरेका छन् ।

छठ केवल धार्मिक अनुष्ठानमात्र होइन, यो मानव र प्रकृतिबीचको सन्तुलन, आत्मसंयम, शुद्धता र आत्मनिष्ठाको अद्भूत अभिव्यक्ति हो, जसले जीवनलाई अनुशासन, कृतज्ञता र सहअस्तित्वको बाटोमा अग्रसर गराउँछ । छठ पर्वको केन्द्रीय तत्त्व सूर्य उपासना हो, जसले मानव जीवनमा प्रकृतिको अविभाज्य भूमिकाको स्मरण गराउँछ । प्राचीनकालदेखि नै सूर्यलाई जीवन, ऊर्जा, प्रकाश र सृष्टिको मूल स्रोतका रूपमा सम्मान गरिँदै आएको छ । वैदिक ग्रन्थहरूमा सूर्यलाई 'सविता', 'मित्र', 'अदित्य', 'भास्कर' र 'रवि' जस्ता नामले सम्बोधन गरिएको पाइन्छ, जसले सूर्यको दैवी स्वरूप र आध्यात्मिक महत्त्व उजागर गर्छ । सूर्य उपासनाद्वारा शरीर, मन र आत्मा शुद्ध हुने विश्वास रहिआएको छ, जसले आध्यात्मिक अनुशासन र आन्तरिक सन्तुलनको मार्गप्रशस्त गर्छ ।

छठपर्वको विशेषता यसको कठोर अनुशासन, आस्था र प्राकृतिक समरसतामा निहीत छ । यस अवसरमा महिला विशेषतः निराहार, जलाहार र कठोर व्रत ग्रहण गरेर अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्छन् । यो प्रक्रिया केवल धार्मिक विधिमात्र नभई आत्मसंयम, धैर्य र श्रद्धाको प्रतीक हो, जसले मानव र प्रकृतिबीचको सन्तुलनलाई पुनःस्थापित गर्छ । छठ पर्वले शुद्धता, भक्ति र निष्ठाका माध्यमबाट जीवनमा आध्यात्मिक ऊर्जाको प्रवाह गराउँछ र मानिसलाई प्रकृतिसँगको अन्तरसम्बन्ध बुझ्न प्रेरित गर्छ ।

## सूर्य र प्रकृतिको सम्बन्ध

छठपर्व मनाउने मुख्य कारण सूर्य र प्रकृतिप्रतिको गहिरो आस्था हो । सूर्य मानव जीवनको आधार, ऊर्जा, ताप र प्रकाशको अनन्त स्रोत हो, जसको बिना पृथ्वीमा जीवनको अस्तित्त्व असम्भव हुन्छ । जल, वायु, अग्नि, पृथ्वी र आकाश- यी पाँच तत्त्वहरूमा सूर्यको प्रत्यक्ष प्रभाव रहने भएकाले सूर्यको आराधना गर्नु भनेको सम्पूर्ण सृष्टिप्रति कृतज्ञता प्रकट गर्नु हो । छठपर्व यही भावनाको सर्वोच्च प्रतीक हो, जसमा व्यक्ति आफ्नो आत्मालाई शुद्ध गर्दै प्रकृतिसँग आत्मिक सम्बन्ध स्थापित गर्छ । यो पर्व आत्मसंयम, शुद्धता र समर्पणको माध्यम हो, जसले व्यक्ति र विश्वबीचको सन्तुलन कायम राख्ने सन्देश दिन्छ ।

धार्मिक दृष्टिले, छठ पर्वमा नशा, क्रोध, लोभ, राग, द्वेष र अहंकार त्यागेर आत्मशुद्धिको अभ्यास गरिन्छ । वैज्ञानिक दृष्टिले पनि यसको गहिरो औचित्य छ । सूर्यको किरणले शरीरमा भिटामिन डी उत्पादन गर्छ, जसले हड्डीलाई बलियो र रोगप्रतिकारक शक्ति सुदृढ बनाउँछ । बिहान र साँझको समयमा सूर्यको किरण तुलनात्मक रूपमा कोमल हुने भएकाले त्यस समयमा अर्घ्य दिने स्वास्थ्यकर मानिन्छ । जलाशयको किनारमा बसेर ध्यानपूर्वक अर्घ्य दिने परम्परा वास्तवमा ध्यान र योगको रूप हो । उपवास र निराहार रहँदा शरीरको पाचन प्रणालीलाई विश्राम मिल्छ र विषाक्त पदार्थ निष्कासित हुन्छ, जसले शरीर र मन दुवैलाई सन्तुलित बनाउँछ ।

छठपर्वको अर्को विशेषता सामाजिक एकता, समानता र सहअस्तित्त्व हो । यो पर्व जात, धर्म, वर्ग, भाषा वा लिंगको विभाजनभन्दा पर उठेर सबैलाई एउटै सूत्रमा बाँध्छ । गाउँदेखि सहरसम्म, सबै मानिस एउटै घाटमा पुगेर सूर्यलाई अर्घ्य दिन्छन् । त्यस क्षणमा कुनै भेदभाव हुँदैन-धनी वा गरिब, उच्च वा नीच, सबै एउटै पानीमा उभिएर समान श्रद्धा व्यक्त गर्छन् । यसले सामूहिक सद्भाव, सहकार्य र सामाजिक बन्धनलाई बलियो बनाउँछ । छठ पर्वले 'सबै धर्म र जातका मानिसहरू एउटै आकाशमुनि समानरूपमा प्रकृतिको पूजा गर्न सक्छन्' भन्ने सार्वभौमिक सन्देश दिन्छ । यसै कारण यो पर्वले समुदायबीच पारस्परिक सम्मान र सद्भाव बढाउने काम गरेको छ । छठपर्वको तयारी स्वयंमा सामूहिक प्रयासको उत्कृष्ट उदाहरण हो-घर सफा गर्ने, घाट सजाउने, बाटोमा दियो बाल्ने, प्रसाद तयार गर्ने सबै कार्य सामूहिकरूपमा गरिन्छ । यसले सामाजिक सहभागिता र पारिवारिक सहकार्यको भावना जगाउँछ ।

छठपर्वमा तयार गरिने प्रसादहरूको पनि गहिरो सांकेतिक अर्थ छ । ठेकुवा, थियोरा, मालपुवा, केरा, गुड, सातु, डाबर, गहुँ र चिउराजस्ता प्राकृतिक वस्तुहरू प्रयोग गरिन्छ, जसले शुद्धता र स्वावलम्बनको सन्देश दिन्छ । यी सबै वस्तुहरू स्थानीयरूपमा उत्पादन गरिन्छन्, जसले ग्रामीण अर्थतन्त्रलाई पनि सहयोग पुऱ्याउँछ । बाँसका डोका, सुप, माटाका कलश र ढकनी प्रयोग गरिन्छ, जसले वातावरणमैत्री जीवनशैलीलाई प्रोत्साहन दिन्छ । यसरी छठ पर्व केवल धार्मिक नभई आर्थिक र पर्यावरणीय दृष्टिले पनि सन्तुलित परम्परा हो ।

सांस्कृतिकरूपमा यो पर्व लोकगीत, नृत्य र भक्ति भावनाले भरिएको हुन्छ । मैथिली, भोजपुरी, थारु र अवधी भाषामा रचिएका छठ गीतहरूले वातावरणलाई भक्ति र मातृत्वको भावनाले ओतप्रोत बनाउँछ । 'उग हो सुरज देव' जस्ता गीतहरूले मानव र प्रकृतिबीचको सम्बन्धलाई काव्यात्मक ढंगले व्यक्त गर्छन् । महिलाहरू रातो साडी, सिन्दुर, पातलो टीका र परम्परागत गहनामा सुसज्जित भएर पूजा गर्छन्, जसले मातृत्व र श्रद्धाको सौन्दर्य झल्काउँछ । पुरुषहरू व्यवस्थापन, सजावट र घाटको तयारीमा सक्रिय रहन्छन्, जसले लैंगिक सहयोग र पारिवारिक सन्तुलन देखाउँछ ।

## फेरिएको छठपर्वको स्वरूप

समयको परिवर्तनसँगै छठपर्वको स्वरूप पनि विकसित हुँदै गएको छ । पहिले यो पर्व ग्रामीण सीमाभित्र मात्र सीमित थियो, तर अहिले सहरहरूमा पनि यसको भव्यता देखिन्छ । काठमाडौं, भक्तपुर, ललितपुर, विराटनगर, जनकपुर, वीरगञ्जलगायत सहरमा हजारौं श्रद्धालु नदी, पोखरी र कृत्रिम तालमा पूजा गर्न जम्मा हुन्छन् । स्थानीय सरकार, स्वयंसेवी संस्था र समुदायले सफाइ, सुरक्षा र प्रकाश व्यवस्थाको जिम्मा लिन्छन्, जसले नागरिक जिम्मेवारी र सहकार्यको भावना फैलाउँछ ।

छठ अब केवल धार्मिक उत्सव नभई सामाजिक उत्तरदायित्व र नागरिक चेतनाको प्रतीक बनेको छ । तर, आधुनिकतासँगै केही चुनौतीहरू पनि बढेका छन् । जलाशयको प्रदूषण, प्लास्टिकको अत्यधिक प्रयोग र कृत्रिम सामग्रीको प्रयोगले पर्वको पवित्रता घटाएको छ । प्राकृतिक बाँस, माटो, घिउ र कपासका वस्तुको प्रयोग घट्दै गएको छ, जसले वातावरणीय संकट निम्त्याउन सक्छ । त्यसैले छठपर्वको मौलिकता जोगाउन वातावरणमैत्री अभ्यास गर्नुपर्छ-प्लास्टिकको प्रयोग घटाउने, जलाशय सफा राख्ने, र प्राकृतिक प्रसाद र सामग्री प्रयोग गर्ने ।

छठपर्व महिलाको शक्ति, संयम र आत्मबलको प्रतीक हो । चार दिनसम्म निराहार रहँदा पनि महिलाहरूको श्रद्धा, धैर्य र समर्पण अटल रहन्छ । उनीहरूको अनुशासन, आत्मसंयम र आस्था अद्वितीय हुन्छ । यो पर्व केवल धार्मिक विधि होइन, आत्मबल र मानसिक स्थैर्यको परीक्षा हो । यसले महिलाको आध्यात्मिक शक्ति र मातृत्वको गरिमा उजागर गर्छ । त्यसैले छठलाई 'स्त्रीशक्ति र श्रद्धाको सर्वोच्च अभिव्यक्ति', पनि भनिन्छ । यो पर्वमा पुरुष र महिला दुवैको समान सहभागिता देखिन्छ, जसले पारिवारिक समरसता बलियो बनाउँछ ।

छठ पर्वले राष्ट्रिय एकता र सांस्कृतिक विविधताको समन्वय पनि प्रदर्शन गरेको छ । तराई क्षेत्रको मौलिक परम्परा अब देशव्यापी रूपमा फैलिएको छ । पहाडी र हिमाली क्षेत्रमा पनि सूर्यपूजाको महत्त्व बुझ्दै छठ मनाउने चलन बढ्दै गएको छ । यसले क्षेत्रीय भिन्नतालाई कम गर्दै साझा संस्कृतिको पहिचान स्थापित गरेको छ । तराईको गीत, रीतरिवाज र संस्कार काठमाडौंसहित अन्य भागमा फैलिँदा सांस्कृतिक आदानप्रदानको सुन्दर पुल बनेको छ । यसरी छठ पर्वले देशलाई भावनात्मकरूपमा एक सूत्रमा बाँध्ने माध्यम बनेको छ ।

छठ पूजा केवल धार्मिक अनुष्ठान होइन, यो जीवन, प्रकृति र आत्माको समन्वयको दर्शन हो । सूर्यप्रति कृतज्ञता, आत्मशुद्धि र संयमका माध्यमबाट मानिस प्रकृतिसँग पुनः जोडिन्छ । आधुनिक जीवनको भीडभाड र कृत्रिमताबीच छठपर्वले मानिसलाई आफ्नो मूल आत्मासँग, प्रकृतिसँग र आध्यात्मिक चेतनासँग पुनः एकाकार हुन प्रेरित गर्छ । यो पर्वले सन्देश दिन्छ, साँचो भक्ति बाह्य प्रदर्शनमा होइन, अन्तरिक पवित्रता, कृतज्ञता र आत्मसंयममा निहीत छ । जब लाखौं मानिस सूर्यास्त र सूर्योदयका बेला नदी किनारमा उभिएर एकैस्वरमा प्राथना गर्छन्, त्यो क्षण मानवता, श्रद्धा र सामूहिक एकताको अद्भूत दृश्य हुन्छ । यसरी छठ पर्वले केवल सूर्यको पूजामात्र होइन, जीवनप्रतिको सम्मान, प्रकृतिप्रतिको कृतज्ञता र आत्मिक शुद्धताको मार्ग पनि देखाउँछ । यही कारण, छठपर्व आज केवल एउटा धार्मिक उत्सव होइन, मानवीय सभ्यताको आध्यात्मिक उत्सव बनेको छ । *रासस*

# सूर्य उपासनाको पर्व छठ



पदम श्रेष्ठ

सूर्य उपासना छठ, मिथिलावासीको मौलिक पर्व हो । कार्तिक शुक्ल चतुर्थदेखि सुरु हुने छठ पूजा नेपाल सम्वत्को छैटौं दिन षष्ठी पूजा अस्ताउँदो सूर्यलाई अर्घ्य दिने र बिहान उदाउँदो सूर्यको उपासनासँगै समापन गरिन्छ । छठपर्व मिथिला भूमि जनकपुरलाई मूल मानी तराईको नारायणगढसम्म र भारतको बिहारसम्म भव्यरूपमा मनाइन्छ । ने.सं. ११०५ अर्थात् ४० वर्षदेखि काठमाडौंवासी मधेसी समुदायबाट पशुपतिको रामघाट, कमलपोखरी, कुपण्डोल बागमतीघाट, टंकेश्वर, कुमारी क्लब बल्खु, बोक्सिदह, रामघाट, टंकेश्वर, कुलेश्वरलगायतका पोखरी तथा नदी किनारालाई छठीया पर्व पार्कका रूपमा उत्थान गरी मनाउँदै आइरहेका छन् ।

तराईबाट काठमाडौं बसोबास गरेका मिथिला मधेसी समुदायमात्र नभई तराईवासी अन्य समुदायमा पनि छठपर्वमा सूर्य उपासना व्रत बस्ने परम्परा व्यापक बन्दै जान थालेको पाइन्छ । सर्लाही घर भई ललितपुरको कुपण्डोल बस्दै आएकी मञ्जु रञ्जितकार तराईमा हुँदा तराईकै मौलिक मैथिली भाषा बोलेको र त्यहीको समुदायसँगको संगतमा छठलगायतका पर्वहरूलाई आत्मसात् गरिएको बताउँछिन् । काठमाडौं आइसकेपछि पनि तराई मधेसको यो छठपर्व मनाउँदै आएको उनले बताइन् । अति चोखो भई ठेगुवा, अनर्सा, केरा फलफूल प्रसाद राखी नदी किनारस्थित छठघाटमा सूर्य उपासनाको व्रत राखिन्छ । नेवारको नाउँमा निनी पाजु अजीबाहेक सासु, छिमेकीसँग मैथिली भाषा नै बोल्ने, श्रीमान् र बच्चाहरूसँग नेपाली भाषा नै प्रयोग गर्ने उनले सुनाइन् । उपत्यकामा बसाइ आइसके पनि तराईका थुप्रै नेवार तथा गैरनेवारहरूले छठलगायतका पर्वहरू नै मनाउने गरेको पाइन्छ ।

सूर्य वास्तविकतामा प्रत्यक्ष दर्शन गर्न सकिने प्राकृतिक देवता हुन् । हामी सबैलाई के थाहा छ भने सूर्यको उदय र अस्त नभएमा यो ब्रह्माण्डको सृष्टि र प्रलयसमेत ठप्प हुन्छ । पानी पार्ने, हावा चल्ने, अन्न उत्पादनदेखि अनेक कर्ममा सूर्यको ठूलो महिमा रहेको हुन्छ । जहाँ घाम लाग्दैन त्यहाँ अन्न उत्पादन पनि हुँदैन भने मानव सिर्जना र प्रगति पनि शिथिल हुने गरेको पाइन्छ । त्यसैले मिथिला सभ्यतामा सूर्य उपासनाको ठूलो महिमा रहेको पाइन्छ । छठपर्वलाई विशेषगरी चार दिन मनाइन्छ । छठपर्वको पहिलो दिनलाई नुनाइघाट, दोस्रो दिन साँझियाघाट, तेस्रो दिन बिहानियाघाट र चौथो दिन सूर्य उपासनागरी भव्यरूपमा मनाइन्छ ।

## नुवाइघाट

बिहानैदेखि घर-सफाइ र नुवाइधुवाइ गरिन्छ । पर्वको पहिलो दिन नुन नभएको तरकारी भात र मिठाई, खीर खाई सूर्य उपासनाका लागि आफूलाई शुद्धीकरण गरिन्छ । बिलुनो खानाले काम क्रोध, लोभ, मोह र अहंकारको पाप कर्मबाट टाढा रही भगवान्मा समर्पण गर्न सकिन्छ भन्ने यो परम्पराको मान्यता हो । हुन पनि नुनविहीन खाना खानले मनमा शान्ति र शरीरमा प्रेसर आउन दिँदैन भन्ने अनुभूति कुनै समुदायमा मृत्यु कर्म बार्दा नुन नखाने परम्परा रहेको पाइन्छ । शान्त हृदयमा दिनभर ईश्वरको आराधना गर्दै सूर्य उपासनाका लागि तयारी गरी भोलिपल्ट साँझ साँझियाघाट मनाइन्छ ।

## साँझियाघाट

दोस्रो दिन साँझ अस्ताउँदो सूर्यको उपासना गर्न नदी-पोखरीमा पूजा गरी छठीमातालाई बिदाइ गरिन्छ । यसका लागि नदी वा पोखरीको किनारमा बसी घरघरमा लिपपोत, सफाइ गरी शुद्धसँग बनाएको ठेगुवा, अनर्सा, केरा फलफूलका परिकारलाई माटो वा बेत बाँस, कुरो, परालले बनाएको ढक्कीमा राखी सूर्य उपासनाका लागि प्रसादका रूपमा राखिन्छ । रातभर अति कष्टपूर्वक नसुतिकनै सूर्य उदयको प्रतीक्षाका साथ छठीया माताको उपासना गरिन्छ ।

## बिहानिया घाट

तेस्रो दिन सम्भवतः बिहान ५:१५ बजेदेखि ७:०० बजेसम्मको उदाउँदो सूर्यको पूजा आराधना भव्यरूपमा हुने गर्दछ । यस समय लाग्छ, विश्वका मानवलगायतका प्राणीलाई ईश्वरले एकसाथ दर्शन दिँदै छन् । एकातिर छठीया पार्कमा भक्तजनहरूले सूर्यलाई जल, फलफूल, नैवेधको अर्घ्य दिइरहँदा अर्कोतर्फ छठीया गीत भजन घन्किरहेका हुन्छन् ।

सूर्य जीवनलाई संरक्षण गरिराख्ने सर्वशक्तिमान् देवता हुन् । महान् चाड दसैं-तिहारलगत्तै सुरू हुने छठपर्व सूर्य उपासना चन्द्र तिथिअनुरूप मनाइन्छ । भनिन्छ, छठपर्व मिथिला सभ्यतामा आधारित भए पनि प्रकृतिकपूजकका लागि यो पर्व एउटा आधार बन्न सक्दछ । छठ पूजालगतै व्रतालु भक्तजनबीच फुस्रो सिन्दुर अविर आदि एक आपसमा लगाइदिने प्रसादका रूपमा लगिएका मिठाई, प्रसाद बाँडिन्छ । लाग्छ भगवान्ले भक्तजनलाई प्रत्यक्ष दर्शन आशीर्वाद प्रदान गरिहेको छ । सूर्य पूजनको प्रक्रिया सकिएलगतै घरघर पुगी प्रसाद बाँडीचुँडी खाने/खुवाउने कर्म दिनभर चलिरहन्छ ।

## छठ पूजामा प्रयोग हुने सामग्री

भनिन्छ, छठ पूर्णरूप विशुद्ध प्राकृतिक पूजा भएकोले चोखो नितोमा विशेष ध्यन दिइन्छ । यदि प्रसाद बनाउँदा अशुद्ध, जुठो र मनमा क्लेस राखी बनाएमा त्यो पूजा प्रसादले घर परिवारलाई कुनै पनि सुख शान्ति दिँदैन भन्ने मान्यता रहेको पाइन्छ । त्यसैले छठीया पूजामा माटोको भाँडाकुँडा, बेत, बाँस र घाँसको ढकी, डालो, चाल्नी, अम्रिसोको कुचो, धातुमा तामाको सामग्री अनिवार्य चोखो मानिन्छ ।

प्रसादीका रूपमा ठेगवा (मालपुवा), बतासा (मिश्री), सिगरा (चेरी), बोटसहितको उखु, अदुवाको बोट, केरा, स्याउ, सुन्तला, सानो बयर, केराउ, चामल र मिठाई श्रद्धापूर्वक देवतामा अर्पण गरिन्छ र सोही परिकार प्रसादीका रूपमा खाने खुवाउने गरिन्छ । मिथिलावासीको छठलगतै वा सँगसँगै तराईका आदिवासी थारु समुदायको पनि दाजुभाइको प्रगति सुस्वास्थ्यको कामना गर्दै समाचखेवा पर्वको थालनी हुने परम्परा छ ।



**सामाचकेवाका मूर्ति** | मधेसको मिथिला क्षेत्रमा आइतबार कात्तिक शुक्ल पञ्चमी, 'छठको खरनाको साँझ' साँझ सुरु भएको सामाचकेवा खेलका माटाका मूर्ति । मटिहानी बजारमा किनमेल गरेर दिदीबहिनीले दाजुभाइलाई समर्पित गर्ने सामाचकेवा खेल हो । यो पर्व कात्तिक पूर्णमामा समापन गरिन्छ । *तस्बिरः रासस*

# छठपूजाका लागि झापाका नदी किनार सजाइए



**झापा (प्रस)-** छठ पूजाका लागि जिल्लाको भद्रपुर, कनकाई, मेचीनगर, दमक क्षेत्रका दर्जनौं नदीका घाट सजाउने कार्य भएको छ । छठका व्रतालुहरूले सजाइएका नदीका घाटमा सोमबार साँझ अस्ताउँदो सूर्यलाई र मंगलबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिने छठ सेवा समिति विर्तामोडकी अध्यक्ष संगीता रौनियारले बताइन् ।

उनका अनुसार जिल्लाको मुख्य व्यापारिक केन्द्र विर्तामोडका व्रतालुहरूले कनकाईको बिरिङ नदी किनारमा सजाइएका घाटमा पूजा गर्ने तयारी भएको छ । 'विर्तामोड, चारपाने, दुर्गापुर र लक्ष्मीपुरका छठ पूजा गर्नेहरूका लागि हामीले कनकाईको बिरिङमा सम्पूर्ण तयारी पूरा गरेका छौं,' उनी भन्छिन्, 'यो सांस्कृतिक पर्वलाई भव्य रूपमा सम्पन्न गर्न सबै पक्षबाट सहयोग हुने अपेक्षा राखेका छौं ।'

कनकाईको बिरिङ घाटमा १७५ भन्दा बढी मण्डप निर्माण गरिएका छन् । सोही अवसरमा हजारौंको भीड लाग्ने र विशेष कार्यक्रमसमेत आयोजना हुने भएकाले छठ सेवा समितिले स्वयंसेवक, अर्थलगायतका विभिन्न उपसमिति गठन गरेको उनले जानकारी दिइन् ।

यसैगरी, भद्रपुर र काँकडभिट्टास्थित मेची नदी किनारमा छठ पूजाका लागि विशेष तयारी भएको छ । भद्रपुर-५ स्थित मेची नदीको दुवै किनारमा हुने छठ पूजामा विगतमा जिल्लाकै सबैभन्दा धेरै भक्तजन र दर्शनार्थीको भीड लाग्ने गरेको थियो ।

विर्तामोडको अदुवा खोला, कन्काई नदी, धुलाबारीको निन्दा, अर्जुनधाराको टाङटिङलगायत दर्जनौं खोला तथा नदीमा छठ पूजाको तयारी गरिएको पाइएको छ । जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने झापा गाउँपालिकामा यही उपलक्ष्यमा धार्मिक मेलाको आयोजना गरिएको छ । झापा गाउँपालिकाको वडा नं २ स्थित सानोमाई नदीमा कात्तिक ९, १० र ११ गते धार्मिक मेला लाग्ने झापाली युवा क्लबका अध्यक्ष समीलाल राजवंशीले बताए ।

धार्मिक मेला र पूजालाई व्यवस्थित बनाउन उनको अध्यक्षतामा २५ सदस्यीय समिति गठन भएको छ । सानो माई नदी किनारमा छठको अवसर पारेर विगत केही वर्षदेखि धार्मिक मेला लाग्न थालेको उनले बताए । विशेषगरी तराईवासीले मनाउने छठपर्व हिजोआज अन्य समुदायले समेत उल्लासपूर्वक मनाउने गरेको पाइएको छ ।

ठेकुवालगायत पीठोबाट बनाइएका प्रसादहरूसँगै केराको घरी, माटोको हात्ती, कलशसहित पूजा सामग्री बोकेर व्रतालुहरूले सोमबार साँझ अस्ताउँदो सूर्यको पूजा गर्ने र मंगलबार बिहान उदाउँदो सूर्यको पूजा गर्ने झापाली युवा क्लबका अध्यक्ष राजवंशीले बताए ।

# अलौकिक 'पञ्चकुण्ड हिमताल'



■ सन्तोष गौतम

**म्याग्दी-** उत्तर, पूर्व र पश्चिम तीनतिर उभिएका हिमाल । हिउँ नहुँदा वरपर सुक्खा र उजाड पहाड । हिमालका फेदीमा ताल । तालको रङ नीलो । आकाश खुल्दा तालमा देखिने हिमालको नीलगिरि हिमालको छायाँ । सूर्योदयमा 'सुन' र रातमा जुन चम्किँदा 'चाँदी'झैं टलक्क टल्कने ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा रहेको पञ्चकुण्ड तालको सौन्दर्य लोभलाग्दो छ । अन्नपूर्ण, फ्रेन्क, तिलिचो र नीलगिरि हिमालको फेदीमा गोलो आकारको ताल रहेको छ । समुद्री सतहदेखि चार हजार ५० मिटर उचाइमा रहेको पञ्चकुण्ड ताल नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास भएको छ । नारच्याङदेखि अन्नपूर्ण हिमालको आधार शिविर जोड्ने 'मौरिस हर्जोग' पदमार्गमा पर्ने पञ्चकुण्ड ताल पर्यटकको रोजाइमा पर्न थालेको छ । हिमाल, आधार शिविर र ताल एकैठाउँमा अवलोकन गर्न पाउनु पञ्चकुण्डको मुख्य विशेषता भएको इटालीकी पर्यटक निमाले अनुभव सुनाइन् ।

'वरपरका हिमाल र फेदीमा रहेको तालले मलाई मोहित र प्रफुल्लित बनायो,' उनले भनिन्, 'यहाँको अलौकिक सौन्दर्यमा रमाउन पाउँदा सबै, दुःख कष्ट र तनाव मुलेर मनमा उमंग छाएको महसुस गरेकी छु ।'

एक लाख सात हजार ६८४ वर्गमिटर क्षेत्रफलमा फैलिएको ताल अन्नपूर्ण हिमालको हिउँ पग्लिएर आउने पानी संकलन भएर बनेको प्राकृतिक हिमताल हो । पञ्चकुण्ड ताल प्रकृति र संस्कृतिको संगम हो ।

पर्यटकले तालको किनारमा टहलिएर शान्त वातावरणमा रमाउने र ध्यान गर्छन् । कोही ताल र हिमाललाई पृष्ठभूमिमा पारेर तस्बिर, भिडियो खिच्ने र सामाजिक सञ्जालका सामग्री बनाउँछन् । दुई वर्षअघिसम्म यो ठाउँ सुनसान थियो । प्राकृतिक सौन्दर्य र धार्मिक महत्त्व स्थानीयस्तरमा सीमित थियो । मौरिस हर्जोग पदमार्गमा आधारभूत पूर्वाधार निर्माण भएर सञ्चालनमा आएसँगै पञ्चकुण्ड तालमा चहलपहल बढेको हो ।

पञ्चकुण्डमा होटल सञ्चालन गरेकी नारच्याङकी नरिमाया गर्बुजा गुरुङले ताल अवलोकन गर्न हाल दैनिक ३०० देखि ५०० जनासम्म पर्यटक आउन थालेका जानकारी दिइन् । 'सञ्चारमाध्यम र सामाजिक सञ्जालका कारण चर्चामा आएपछि यसपालिको दसैं र तिहारको बीचमा आन्तरिक पर्यटकको थामिनसक्नु भीड लाग्यो,' उनले भनिन्, 'यहाँ रहेका होटलको क्षमताभन्दा बढी पाहुना आउँदा हामीलाई व्यवस्थापन गर्न पनि समस्या भयो ।'

पञ्चकुण्डको धार्मिक महत्त्व पनि छ । पाँचवटा कुण्ड भएकाले पञ्चकुण्ड नामकरण गरिएको नारच्याङका चन्द्रजित पुनले बताए । 'यहाँ रक्त, दुग्ध, ताम्र, शुद्ध र स्वर्ण गरी पाँच छुट्टाछुट्टै ताल भएको हिन्दू धार्मिक ग्रन्थ पञ्च रामायणमा उल्लेख छ,' उनले भने, 'अहिले हिउँ पग्लिएर सबै ताल एउटै बनेको छ ।' परापूर्वकालमा कागभुसुन्दी नाम गरेका एक जना ऋषीले तपस्या गरेर ज्ञान आर्जन गरेर यो तालका बारेमा विभिन्न ठाउँमा प्रचारप्रसार गरेका थिए ।

पितृको सम्झनामा पिण्डदान गर्नाले पुण्य प्राप्त हुने विश्वास छ ।ताललाई धार्मिक आस्थासँग जोड्न परिसरमा शिव मन्दिर निर्माण गरिएको छ । स्थानीयवासीले पञ्चकुण्ड नजिकै रहेको डाँडालाई कागभुसुण्डी नामकरण गरेका छन् । कालीगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडकअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ नागढुंगाको बेलिब्रिज तरेर नारच्याङ बैंसी हुँदै हुमखोलासम्म २० किलोमिटर कच्ची सडकमा गाडीको यात्रा र त्यसपछि छ घण्टा पैदलयात्रा गरेपछि पञ्चकुण्ड ताल पुगिन्छ ।

हुमखोलादेखि गुराँसेडाँडा, फुतफुते झरना, साधीखर्क, गुफाफाँट, आकाशे गुफा, रातो झरना, भुसकेट मेला, सुनखोला, पञ्चकुण्डहुँदै अन्नपूर्ण आधार शिविर जोड्ने पदमार्ग छ । छिटो हिँड्नसक्ने हुमखोलदेखि एकैदिनमा पञ्चकुण्ड पुग्न सक्छन् । विस्तारै हिँड्नेहरू हुमखोलादेखि भुसखेत गएर बास बस्ने र एक बिहान हाइकिङ गरेर पञ्चकुण्ड पुग्छन् ।

पञ्चकुण्डदेखि एक घण्टा पैदलयात्रा गरेपछि समुद्री सतहदेखि चार हजार १५० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविर पुगिन्छ । यहाँबाट पर्वतारोहीले अन्नपूर्ण हिमालको आरोहण गर्छन् । समथर फाँटमा रहेको आधार शिविरबाट पञ्चकुण्ड ताल र अन्नपूर्ण हिमालको दृश्यावलोकन गर्न सकिन्छ ।

पदमार्गमा रहेका अस्थायी संरचनामा सञ्चालित होटलमा खाना र बस्नको सुविधा छ । पञ्चकुण्ड ताल नजिकै रहेको आश्रयस्थल भवन र टेण्टमा पाहुनालाई राख्ने गरिएको छ । पाहुनाको चाप धेरै भएकाले पहिले नै बुकिङ गरेर आउन भुसकेटका होटल व्यवसायी माइकल पुनले अनुरोध गरे ।

पाहुनाको चापसँगै तालको सरसफाइमा चुनौती बढेको छ । पञ्चकुण्ड तालदेखि आधार शिविर जाने पदमार्गमा झोलुंगे पुल नहुँदा जोखिम मोलेर वारपार गर्नुपर्छ । तालमा पौडी नखेल्न र फोहोर नगर्न पाहुनालाई अनुरोध गरिएको छ । हिउँदयाममा तालमा बरफ जम्ने गर्छ । जमेको तालमाथि हिँड्डुल गर्दा फुटेर दुर्घटनाको जोखिम भएकाले त्यसो नगर्न स्थानीयले अनुरोध गरेका छन् ।

विद्युत् र सञ्चार सुविधाको अभाव छ । अन्नपूर्ण हिमालको प्रथम आरोही टोलीका अगुवा फ्रान्सका मौरिस हर्जोगको सम्मानमा यस पदमार्गलाई मौरिस हर्जोग पदमार्ग नामकरण भएको छ । वि.सं. २०६८ मा नारच्याङका तेज गुरुङको अगुवाइमा पहिचान भएको यस पदमार्गमा आधारभूतस्तरको पूर्वाधार तयार पारेपछि वि.सं. २०८० देखि सञ्चालन गरिएको थियो ।

आधार शिविर, पञ्चकुण्ड तालगायत गन्तव्य र पदमार्गको प्रचारप्रसारका लागि अन्नपूर्ण गाउँपालिकाले वि.सं. २०७७ मा महोत्सव आयोजना गर्नुका साथै गत जेठमा अन्नपूर्ण आरोहणको ७५ वर्ष पुगेका अवसरमा विशेष कार्यक्रम गरेको थियो । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनामा पर्ने भएकाले स्थायी र भौतिक संरचना निर्माण गर्न नपाएपछि अस्थायी संरचनामा पाहुनालाई खाने बस्ने व्यवस्था मिलाएर पदमार्ग सञ्चालन गरिएको जानकारी दिए ।

अन्नपूर्ण हिमाल र आधार शिविरको भूगोल म्याग्दीमा पर्ने तथ्य स्थापित गराएर संघीय सरकारले हिमाल आरोहणबापत दिने राजस्व 'रोयल्टी'मा दाबी गरिएको उनले बताए । गाउँपालिका, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) र संघीय सरकारको लगानीमा पदमार्ग, झोलुंगे पुल, आश्रयस्थल, सार्वजनिक शौचालय, आधार शिविरमा खुला संग्रहालय स्थापना गरिएको छ । गत हप्ता अन्नपूर्ण आधार शिविर पुगेर फर्किएका म्याग्दी १ (क) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले मौरिस हर्जोग पदमार्ग, पञ्चकुण्ड तालगायतका गन्तव्यको विकासका साथै प्रवर्द्धनमा स्थानीय तह, एक्याप, प्रदेश र संघीय सरकारसँग समन्वय गर्ने जानकारी दिए ।

'छोटो दूरीमा र छिटो पुग्न सकिने भएकाले अन्नपूर्ण आधार शिविर, पञ्चकुण्ड तालको पर्यटनका दृष्टिकोणले प्रशस्त सम्भावना छ,' उनले भने, 'मौरिस हर्जोग पदमार्गमा सञ्चार र विद्युत् सुविधाको विस्तार, पदमार्गको स्तरोन्नति, फोहोर व्यवस्थापन, झोलुंगे पुललगायत पूर्वाधार निर्माणमा सरकारको ध्यानाकर्षण र बजेट भित्र्याउन पहल गर्ने छु ।' *रासस*

# कैलालीमा छठ पूजा गर्नेको संख्या बढ्दै

**कैलाली-** छठपर्वका अवसरमा छठपूजा सेवा समिति धनगढीले कैलालीको मोहना नदीतटमा विगत १३ वर्षदेखि आयोजना गर्दै आएको छठपूजामा श्रद्धालु भक्तजनको संख्या बढ्दै गएको छ ।

छठ पूजाका लागि मोहना नदीतटमा पाँचवटा पालसहितको घर बनाएर सुरुका वर्षमा पर्व मनाउँदै आएकामा हिजोआज कम्तीमा २६० को हाराहारीमा पूजाकक्ष निर्माण गर्न थालिएको समितिका अध्यक्ष सन्तोष मण्डलले जानकारी दिए । उनले छठ पूजाका लागि सुरुमा ३५ हजार रूपैयाँमात्र खर्च हुने गरेका अहिले १५ लाख रूपैयाँ लाग्ने गरेको उल्लेख गरे ।



स्थानीय तह, उद्योगी, व्यापारी, विभिन्न संघसंस्थालगायत सर्वसाधारणको सहयोगमा रकम संकलन गरी समितिले हरेक वर्ष पूजा सम्पन्न गर्दै आइरहेको जनाएको छ । सुरुका वर्षमा पूजास्थलमा कम चहलपहल हुने र सुनसान देखिने भए पनि पछिल्ला केही वर्षयता करिब एक लाखको हाराहारीमा भक्तालु तथा दर्शनार्थीहरू अवलोकनका लागि आउने गरेका अध्यक्ष मण्डलले जानकारी दिए ।

'यो पर्व पहिले विशेषगरी मिथिला समुदायले मात्र मनाउने चलन थियो, तर पछिल्लो समय अन्य समुदायले पनि मनाउने गरेका छन्,' उनले भने, 'निरहार व्रत बसेर धनगढीको मोहना छठीघाटमा ३०० भन्दा बढी परिवार तथा अन्य समुदायका व्यक्ति पूजाका लागि आउने गरेका छन्, त्यस्तै दुई हजारको हाराहरी भक्तजन नदीमा आएर सूर्यनारायणलाई फूल तथा जल अर्पण गर्ने गर्दछन् ।'

छठपर्व आउनुभन्दा एक महिनाअघिदेखि मोहना नदीतटमा सरसफाइ गरी पूजालाई सफल पर्न स्थानीयको सहभागितामा तयारी गर्ने गरिएको समितिका उपाध्यक्ष रोशनकुमार कर्णले बताए । 'विगतमा यो पर्वतर्फ यहाँका अन्य समुदाय तथा स्थानीयको रुचि कम थियो,' उनले भने, 'पछिल्ला केही वर्षयता सानासाना बालबालिकादेखि वृद्धवृद्धासम्म यो पर्व मनाउने स्थलमा आउने गरेका छन् ।'

यस पर्वमा परिवारका सदस्यहरूको दीर्घायु जीवन, सुख, शान्ति र समृद्धि, रोगव्याधिबाट बच्न, सन्तानलाभ प्राप्तिलगायत कामनाका लागि भक्तालुहरू व्रत बस्ने गर्दछन् । यस वर्ष छठपर्वको तयारीका लागि धनगढीको मोहनाघाटमा २५६ पूजाकक्ष निर्माण गरिएका छन् । ती पूजाकक्षमा पाल, बत्ती, झिलिमिली बत्ती, रंगीचंगी माला, पताका गायतले सजाएर आकर्षक बनाइएको उपाध्यक्ष कर्णले जानकारी दिए ।

भक्तजन तथा दर्शनार्थीका लागि आकर्षक प्रवेशद्वार निर्माण गरिएको छ । धनगढी बजारका मुख्य स्थानमा स्वागतका लागि प्रवेशद्वार निर्माण गरिएका छन् । नेपालको पूर्वी भेगबाट ल्याइएका कालीगढले सूर्यको प्रतिमासहित विभिन्न देवीदेवताको मूर्ति निर्माण गरी, पेन्टिङ गर्ने, सजाउने काम अन्तिम चरणमा पुगेको छ ।

मोहना नदीतटीय भागको माथितिर ठूलो पण्डाल निर्माण गरिएको छ । जहाँ अवलोकन गर्न आउने श्रद्धालुका लागि बस्ने व्यवस्था, भक्तालुको बसोबास तथा रातभर जाग्राम बस्नेका लागि छुट्टै व्यवस्था मिलाइएको छ । त्यस्तै भजनकीर्तन नाचगान, राष्ट्रिय तथा अन्तरराष्ट्रिय कलाकारको प्रस्तुति, विभिन्न देवीदेवताका सांस्कृतिक झाँकीलगायत कार्यक्रमको पनि आयोजना गरिएको जनाइएको छ ।

पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकांक्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठपर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलाशयमा श्रद्धालु भक्तजनहरूको भीड लाग्ने गर्दछ । *रासस*


**मलेसियामा रोजगार** कम्पनी : GCH RETAIL SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०४/१४ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०७/०९ | LT. No. 328096 | चलानी नं. ६०२४१९५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 22 | 0 | 1700 | ५६,६६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कार्तिक १७ गते (3rd Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं ९५७/०६७/०६८

All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, +977 986-9422479
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

**साउदीमा रोजगार** कम्पनी : TORCH ROADS TRADING EST

पूर्व स्वीकृति मिति : २०८२/०६/३० | LT. No. 332413 | चलानी नं. ६०२४६३८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle wash lubricant labour | 4 | 0 | 1000 | ३७,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कार्तिक १७ गते (3rd Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YUSHO GLOBAL PVT. LTD. श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

**साउदीमा रोजगार** कम्पनी : RUKN ISNAD TRANSPORT ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०२/२० | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०७/०९ | LT. No. 324145 | चलानी नं. ६०२३९०२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TRAILER/TRUCK DRIVER | 3 | 0 | 2100 | ७८,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कार्तिक १७ गते (3rd Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SYNNET INTERNATIONAL PVT.LTD.
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com
ISO 9001: 2008 Certified Company | Certified No. 70902

प्रभाव दैनिक

रूपशाला

## 'बेली चमेली' गीतको भिडियो सार्वजनिक

'बेली चमेली' गीतको म्युजिक भिडियो सार्वजनिक गरिएको छ । गीतमा स्वाती भाटको स्वर, विनोद ढकालको र्‍याप तथा निशाद चन्द्राको संगीत संयोजन रहेको छ । गीतको मिक्स-मास्टरिङ बलिउडका ख्यातिप्राप्त मिक्सिङ इञ्जिनियर मनीभनन आनन्दन (मुम्बई) ले गरेका हुन् । यस गीतको भिडियोमा नायक पल शाह र भारतीय मोडल तथा नायिका श्वेता महराको अभिनय तथा नृत्य देख्न सकिन्छ । उनीहरूलाई राज टाइगर, बिन्दु रसाइली, रेन्सिका खत्री र सुरक्षा तामाङले अभिनयमा साथ दिएका छन् ।





निर्देशक आचार्य भन्छन्

# 'परान' सुखी हुन छोडिरहेको खुसीको कथा

**काठमाडौं–** टेलिशृंखलामा अभिनय र सांगीतिक श्रव्यदृश्य निर्देशनको अनुभव सँगालेका कलाकार दीपक आचार्यले पहिलोपटक निर्देशन गरेको चलचित्र 'परान' पारिवारिक विषयवस्तु र कथामा आधारित छ । कोरोना भाइरसबाट ग्रसित भएपछि उनलाई चलचित्र बनाउने कथाको 'आइडिया' आएको हो ।

'कोरोना भाइरसको पहिलो लहरमा बिरामी भएपछि चलचित्र बनाउने कथा लेखेको थिएँ । आफू बाँच्छु कि बाँच्दिन भन्ने अवस्थामा आफ्नो भावना कोरेको थिएँ । यो कथा केही हदसम्म मेरो परिवारसँग जोडिएको छ, तर यसलाई चलचित्रकै शैलीमा पटकथा तयार गरिएको छ,' निर्देशक आचार्यले भने । कोभिडमुक्त भएपछि निर्देशक आचार्यले यम थापालाई पटकथा लेखनका लागि दिए । त्यसपछि यो चलचित्र बन्ने प्रक्रियाले तीव्रता पायो । एउटा परिवारको कथामार्फत अहिलेको समाजलाई समेत आफूले चित्रण गरेको निर्देशक आचार्यले बताए ।

'चलचित्रमा बा र छोराबीचको सम्बन्धलाई देखाउने प्रयत्न गरेको छु । अहिले भविष्य बनाउने गाउँबाट सहर वा विदेश जाने प्रचलन बढिरहेको छ । हामी बा-आमालाई सुखी बनाउन उनको खुसी खोसिरहेका छौं, यस्तै कथा जोडेर चलचित्र तयार गरेको छु,' निर्देशक आचार्यले भने ।

चलचित्रमा अभिनेता नीर शाह र मदनकृष्ण श्रेष्ठको अभिनय रहेको छ । एउटा कलाकार र निर्देशकका हिसाबले




आफूले सोचेको कलाकारलाई पात्रमा चित्रण गर्न पाउँदा उन खुसी नै छन् । 'मैले मदनकृष्ण श्रेष्ठ र नीर शाहलाई चलचित्र प्रस्ताव गर्दा नै उहाँहरूले अभिनय गर्ने सहमति दिनुभयो । सायद, यो कथाले उहाँहरूको परिवार र समाजको प्रतिनिधित्व गर्छ होला । यो कथाले अभिभावक होइन, छोराछोरीलाई सोच्न बाध्य बनाउँछ,' निर्देशक आचार्यले भने ।

एउटा परिवारमार्फत वर्तमान समाज र देशलाई चित्रण गरेको चलचित्र 'परान'को कथासार पहिलोपटक सुन्दा नै आफू अभिनय गर्न सहमत भएको अभिनेता शाहले बताए । उनले भने, 'मैले चलचित्रमा धर्मनाथको भूमिका निर्वाह गरेको छु । यो पात्रसँग कहीँकतै मेरो मनोविज्ञान जोडिएको छ, सोही कारण यसको कथा सुन्नेबित्तिकै मैले अभिनय गर्न सहमति दिएको हुँ । मेरो चलचित्रकर्मीमा यस्ता प्रस्ताव निकै कम आएका छन्, त्यसैले मैले यो भूमिका निर्वाह गरेँ । यसले अहिलेको नेपाली समाजको चित्रण गरेको छ ।'

अभिनेता शाहले चलचित्रमा आफूले पात्रलाई निर्वाह गर्न सतप्रतिशत मिहेनत गरेको भन्दै यसको मूल्यांकन दर्शकले गर्ने बताए । अभिनेता मदनकृष्ण श्रेष्ठसँगै अन्य सहकर्मी कलाकारसँग चलचित्रमा काम गर्दा केही नयाँ विषयबारे सिक्ने अवसर पाएको उनले धारणा राखे ।

परिवार, सम्बन्ध र संघर्षको कथालाई प्रस्तुत गरिएको उक्त चलचित्रमा अभिनेता शाह र अभिनेत्री अधिकारीसँगै मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, महेश त्रिपाठी, प्रविन खतिवडा, यमन श्रेष्ठ, बुद्धि तामाङ, बबिन राईलगायत कलाकारले अभिनय गरेका छन् । शेखर गोल्छा र रञ्जित आचार्यले संयुक्तरूपमा निर्माण गरेको उक्त चलचित्रमा शिवराम श्रेष्ठले छायांकन, मित्र डि गुरुङले सम्पादन र गगन थापामगरले संगीत सृजना गरेका छन् । चलचित्र यही कात्तिक १४ गतेदेखि नेपालभर प्रदर्शन हुने निर्माण पक्षले जानकारी दिएको छ । *रासस*

# एकल सांगीतिक प्रस्तुतिमा आउँदै अञ्जना

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली सुगम संगीत क्षेत्रका लागि एक लोकप्रिय नाम हो गायिका अञ्जना गुरुङ । उनले विगत दुई दशकभन्दा लामो समयदेखि नेपाली गीत संगीतका विभिन्न विधाहरूमा आफ्नो जादुमय स्वर प्रस्तुत गर्दै आएकी छन् । साथै, उनी चलचित्रको पार्श्वगायनमा पनि सफल गायिकाको रूपमा चिनिन्छिन् ।

यही कात्तिक २१ गते शुक्रबारका दिन काठमाडौंमा टीका गोपाल एम् क्रियसनले गायिका गुरुङको एकल सांगीतिक कार्यक्रम आयोजना गर्ने भएको छ । उक्त दिन गायिका गुरुङले आफ्ना लोकप्रिय गीतहरूको प्रस्तुति दिने आयोजक संस्थाका अध्यक्ष गीत सिंहले बताए । गायिका गुरुङका 'आँखैमा राख्छु मेरो देश, म त काली सुन्दरी, बद्नाम भए म तिम्रै कारणले, आँधी सारी तिम्रो माया, ठ्याक्कै भेटौंला, नजर नजरको, जसले मुटु चुडेर लग्यो, माइला रोधी घरमा (कौडा), मान चाहे नमान तिमी मेरो हौं लगायत सयौं गीत चर्चामा रहेका छन् ।

गायिका गुरुङको एकल सांगीतिक कार्यक्रमकै अवसर पारेर गायिका गुरुङको संरक्षकत्व तथा नेपाली सांगीतिक क्षेत्रका सुप्रसिद्ध गायन जोडी कन्हैया सिंह परियार र



अञ्जना गुरुङद्वारा स्थापना गरिएको 'कन्हैया-अञ्जना राष्ट्रिय संगीत पुरस्कार-२०८२' पनि सोही समारोहमा प्रदान गरिने भएको छ । ५१ हजार रूपैयाँको उक्त पुरस्कार यस वर्ष वरिष्ठ गायक कमल विक 'निर्मोही' लाई प्रदान गरिने भएको छ ।



विश्वकप क्रिकेट लिग-२

# नेपाल अमेरिकासँग पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गतको त्रिकोणात्मक एकदिवसीय शृंखलामा नेपाल अमेरिकासँग पराजित भएको छ । युएईको दुबई अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा आइतबार भएको खेलमा नेपाल अमेरिकासँग १०६ रनले पराजित भएको हो ।

अमेरिकाले प्रस्तुत गरेको २६३ रनको लक्ष्य पछ्याएको नेपाल ३९.१ ओभरमा सबै विकेट गुमाउँदै १५६ रनमा समेटियो । नेपालका लागि दीपेन्द्रसिंह ऐरीले ४० रन बनाए । यस्तै, आसिफ शेखले ३७, भीम सार्कीले २९, आरिफ शेखले २० तथा सोमपाल कामीले ११ रन बनाए । अमेरिकाका लागि हर्मित सिंहले छ विकेट लिए । शुबमन रञ्जानेले दुई तथा रुशिल उगारकरले एक विकेट लिए ।



त्यसअघि 'टस' हारेर पहिला 'ब्याटिङ'को निम्तो पाएको अमेरिकाले निर्धारित ५० ओभरमा छ विकेट गुमाउँदै २६२ रनको योगफल बनाएको थियो । अमेरिकाका लागि स्मिथ पटेलले सर्वाधिक ७५ रन बनाए । उनले १०० बलमा नौ चौकाको सहयोगमा ७५ रन बनाएका हुन् । त्यस्तै मिलन्द कुमारले अविजित रहँदै ७० रन बनाए । उनले ५० बलमा छ चौका र दुई छक्का प्रहार गरे । सैतेजा मुक्कामल्लले ४२ र शुभम् रञ्जनेले १९ रन जोडे ।

नेपालका सन्दीप लामिछानेले दुई विकेट लिए । सोमपाल कामी, आरिफ शेख र दीपेन्द्रसिंह ऐरीले समान एक-एक विकेट लिए । यो जितसँगै अमेरिका २१ खेलमा ३० अंकका साथ अंक तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । यो हारसँगै १७ खेलमा १२ अंक जोडेको नेपाल सातौं स्थानमा छ ।

# नवनियुक्त खेलकुदमन्त्री गुप्ताले सम्हाले पदभार

**काठमाडौं (प्रस)–** नवनियुक्त युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले आइतबार आफ्नो पदभार सम्हालेका छन् । सिहंदरबारस्थित युवा तथा खेलकुद मन्त्रालयमा मन्त्री गुप्ताले पदभार ग्रहण गरेका हुन् ।



उनले आगामी दिनमा युवा तथा खेलकुद मन्त्रालयअन्तर्गतका सबै निकायका सबै बैठकको प्रत्यक्ष प्रसारण गर्ने निर्णयमा हस्ताक्षर गरेका छन् । उनले खेलकुद क्षेत्रको विकासका लागि बोलेर भन्दा पनि काम गरेर देखाउने प्रतिबद्धता व्यक्त गरे ।

सिरहाको लहान घर भएका मन्त्री गुप्ता जेन-जी आन्दोलनको अगुवासमेत हुन् । उनी सामाजिक कार्यमा पनि उत्तिकै सक्रिय छन् । मन्त्री गुप्ताले कोभिड-१९ को समयमा निःशुल्क खाना खुवाउने अभियान चलाएका थिए । त्यसैगरी उनले 'हण्ड्रेड ग्रुप'मार्फत विद्यार्थीलाई पढाउँदै आएका छन् ।

# 'ट्रेडिसनल आर्चरी'मा नेपाल सहभागी




**काठमाडौं (प्रस)–** चीनको युनान प्रान्तको लिजियाङ सहरमा 'फाल्कन कप अन्तर ाष्ट्रिय 'ट्रेडिसनल आर्चरी' आमन्त्रण प्रतियोगिता तथा १० औं 'जेन्झी कप' आर्चरी आमन्त्रण प्रतियोगितामा नेपाल सहभागी भएको छ । प्रतियोगितामा हंगेरी, थाइल्याण्ड, म्यान्मा र नेपालका साथै चीनका ग्वाङ्डोङ, साण्डोङ, छोङछिङ, आनहुइ, छिङहाइ, थियानजीन, हङकङ र युनान प्रान्तका खुनमिङ, क्विजिङ, फुमिन, दाली, लिजियाङ, शांग्रिलालगायत स्थानबाट १६० खेलाडी सहभागी भएका काठमाडौं जेन्झी ट्रेडिसनल आर्चरीले जानकारी दिएको छ ।

नेपालबाट काठमाडौं जेन्झी ट्रेडिसनल आर्चरी एण्ड मार्सल आर्ट संघका सचिव राजीव महर्जन सहभागी भएका थिए । नेपालमा परम्परागत आर्चरी, उसु र कुस्ती खेलमा सहयोग गर्न स्पोर्ट इन्स्टिच्युट अफ युनान विश्वविद्यालय, ट्रेडिसनल आर्चरी एसोसिएसन युनान र खुन्मिङ जेन्झी आर्चरी क्लबले सहकार्य गर्ने प्रतिबद्धता जनाएका सचिव महर्जनले बताए ।

# अफगानिस्तानसँग नेपाल पराजित

**काठमाडौं (प्रस)–** बंगलादेशमा जारी सेन्ट्रल एसिया भलिबल संघ (काभा) कप पुरुष भलिबल प्रतियोगितामा अफगानिस्तानसँग नेपाल पराजित भएको छ । ढाकामा आइतबार भएको खेलमा अफगानिस्तानले नेपाललाई ३-० को सोझो सेटमा हराएको हो ।

अफगानिस्तानले नेपाललाई खेलको पहिलो सेटमा २५-१८ ले पराजित गरेको थियो भने नेपाल दोस्रो सेटमा २५-१७ र तेस्रो सेटमा २५-२१ ले पराजित भएको हो । चौथो खेलमा नेपालको यो तेस्रो हार हो । नेपालले माल्दिभ्सलाई ३-० को सेटमा हराउँदै पहिलो जित हासिल गरको थियो । त्यसअघि नेपाल पहिलो खेलमा ताजिकिस्तान र बंगलादेशसँग पराजित भएको थियो ।


Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision and Monitoring Office, Kathmandu
Road Division Nuwakot

**Letter of Intent**

**(Date of Publication: 2082-07-10)**

Pursuant to section 27 (2) of Public Procurement Act 2063 and ITB clause 33 of Bidding Document, this is to notify all the bidders who have submitted their bids as per our Notice No. *03-RDNKT/082/83* dated 2082/05/09 (25th Aug, 2025) published on "Aarthik Daily" that, it is our intention to award following contract to following bidder selected as substantially responsive lowest evaluated bid.

| S. N. | Contract No. | Description of Works | Name and Address of Contractor | Quoted Price (Including VAT and PS, NRs.) |
|---|---|---|---|---|
| 1. | RDNKT/33701138/082/83-21 | Road Improvement Works on Sopryang -Naubise Section of Tribhuwan Rajpath (TRP), NH41, Dhading. | Highlander Construction and Engineering Solution Pvt. Ltd., Kathmandu | 1,37,68,937.76 |
| 2 | RDNKT/33701127/082/83-22 | Road Improvement work on Dhading Section of Chepang Marga, NH42 (Thori-Bhandara-Lothar-Malekhu), Dhading. | Gauri Shankar Nirman Sewa Pvt. Ltd., Dhading, Nepal | 93,86,936.59 |

Division Chief



इण्डोनेसियाको पूर्वी जाभाको बान्युवांगीको मरीना बुम बिचमा गान्द्रुङ सेउ फेस्टिभल २०२५ मा सामूहिक परम्परागत गान्द्रुङ नृत्य प्रस्तुत गर्दै कलाकारहरू । *तस्बिरः सिन्ह्वा*

# ट्रम्पको उपस्थितिमा थाइल्याण्ड-कम्बोडियाबीच युद्धविराम सम्झौतामा हस्ताक्षर




**क्वालालम्पुर–** थाइल्याण्ड र कम्बोडियाले आइतबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको उपस्थितिमा विस्तारित युद्धविराम सम्झौतामा हस्ताक्षर गरेका छन् । अमेरिकी आर्थिक दबाबको चेतावनीपछि दुवै मुलुक यस वर्षको सुरुआतमा सीमामा भएको झडप रोक्न बाध्य भएका थिए ।

सम्झौताअनुसार थाइल्याण्डले कम्बोडियाका कैदीहरूलाई मुक्त गर्ने छ भने कम्बोडियाले पहिलो चरणमै आफ्ना भारी तोपखाना फिर्ता लैजान सुरु गर्ने छ । क्षेत्रीय पर्यवेक्षकहरूले स्थायित्वको सुनिश्चितताका लागि सीमा क्षेत्रको निगरानी गर्ने छन् । राष्ट्रपति ट्रम्पले कार्यक्रममा सम्बोधन गर्दै भने, 'हामीले त्यो कार्य सम्पन्न गरेका छौं, जुन धेरैले गर्न सक्दैनन् ।'

कम्बोडियाका प्रधानमन्त्री हुन मानेटले यो सम्झौतालाई 'ऐतिहासिक दिन' भन्दै स्वागत गरे भने थाइल्याण्डका प्रधानमन्त्री अनुतिन चार्नविराकुलले यसले 'स्थायी शान्तिका लागि आधार निर्माण गरेको' प्रतिक्रिया दिए । क्वालालम्पुरमा आयोजना गरिएको दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संघ (आसियान) को वार्षिक शिखर सम्मेलनमा आइपुगेपछि राष्ट्रपति ट्रम्पको यो पहिलो औपचारिक कार्यक्रम थियो ।

जापान र दक्षिण कोरियाको भ्रमणका साथै चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको सम्भावित भेटसमेत समावेश यस भ्रमणले ट्रम्पलाई 'अन्तर्राष्ट्रिय सम्झौता निर्माताको छवि' बलियो पार्ने अवसर दिएको छ । ट्रम्प मलेसियाको राजधानीमा ०२:०० जिएमटी तिर आइपुगे । उनले स्थानीय कलाकार हरूसँग आफ्नो प्रसिद्ध अभियान शैलीमा नृत्य प्रदर्शन गरे र अमेरिकी तथा मलेसियाली झण्डा एकसाथ फहराए । भोलिपल्ट उनले मलेसियासँग व्यापार र महत्त्वपूर्ण खनिजसम्बन्धी सम्झौताहरूमा हस्ताक्षर गर्ने अपेक्षा गरिएको छ ।

विशेषतः प्रविधि उत्पादनमा आवश्यक घटकहरूको आपूर्तिलाई विविधीकरण गर्न संयुक्त राज्य अमेरिका हाल चीनमा निर्भरता घटाउने रणनीतिमा अघि बढिरहेको छ । यस सन्दर्भमा ट्रम्पको यो भ्रमण एसियाली बजारसँग पुनः सम्बन्ध विस्तार गर्ने कदमका रूपमा हेरिएको छ । ट्रम्प आफ्नो पहिलो कार्यकालमा केवल एकपटक मात्र आसियान शिखर सम्मेलनमा सहभागी भएका थिए । यसपालि कार्यक्रममा उनले विश्व शान्ति स्थापनाका प्रयासमा नयाँ भूमिकाको प्रदर्शन गरेका छन् ।

थाइल्याण्ड र कम्बोडियाबीच यसअघि जुलाई महिनामा पाँच दिनसम्म भीषण लडाइँ भएको थियो, जसमा दर्जनौं व्यक्तिको मृत्यु भएको र लाखौं विस्थापित भएका थिए । यो पछिल्ला दशकहरूकै सबैभन्दा ठूलो सशस्त्र झडप थियो । त्यसबेला राष्ट्रपति ट्रम्पले आर्थिक प्रतिबन्ध र व्यापार सम्झौता रोक्ने चेतावनी दिएपछि दुवै देश वार्तामा बस्न तयार भएका थिए । त्यसयता अस्थायी युद्धविराम कायम थियो, जुन आइतबारको सम्झौताले औपचारिक रूप प्राप्त गरेको छ ।

सम्झौतापछि राष्ट्रपति ट्रम्पले कम्बोडिया र थाइल्याण्डसँग छुट्टाछुट्टै आर्थिक सहकार्य सम्झौतामा पनि हस्ताक्षर गरे । 'ट्रम्पको करको कार्ड निर्णायक सावित भयो । सायद यही मुख्य कारण थियो जसले दुवै देशलाई तुरुन्तै युद्धविराममा सहमत गरायो,' नोम पेन्हस्थित फ्युचर फोरम थिंक ट्याांकका अध्यक्ष ओउ विराकले भने, 'यो समारोह ट्रम्पका लागि ठूलो कूटनीतिक क्षण हो- उहाँ अब युद्ध र द्वन्द्व अन्त्य गर्ने शान्तिदूतका रूपमा प्रस्तुत भइरहनुभएको छ, जसले सम्भवतः उहाँलाई नोबेल शान्ति पुरस्कारका दाबेदारका रूपमा बलियो बनाउँछ ।'

ट्रम्पले हालै लगातार विभिन्न अन्तरर्ाष्ट्रिय द्वन्द्वहरूमा मध्यस्थता गर्दै आफूले 'शान्ति स्थापनामा सहयोग गरेको' दाबी गर्दै आएका छन् । मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले आसियान शिखर सम्मेलनमा प्रारम्भिक सम्बोधनका क्रममा थाइल्याण्ड-कम्बोडिया सम्झौताप्रति प्रशंसा व्यक्त गर्दै भने, 'यो सम्झौताले मेलमिलाप कुनै कमजोरी होइन, यो त साहसको प्रमाण हो भन्नेबारे हामी सबैलाई सम्झाउँछ ।'

थाई विदेश मन्त्रालयका प्रवक्ता निकोर्नडेज बालानकुराले शनिबार भएको सम्झौतालाई 'संयुक्त घोषणा' का रूपमा वर्णन गर्दै भने, 'यो थाइल्याण्ड र कम्बोडियाले आफ्ना सम्बन्धलाई नयाँ ढंगले पुनर्निर्माण गर्न प्रतिबद्ध रहेको संकेत हो । काम भर्खरै सुरु भएको छ, अन्त्य होइन ।'

यसैबीच, ट्रम्पको यो भ्रमणमा शुल्क नीति र व्यापार विवादहरू पनि केन्द्रमा रहेका छन् । क्वालालम्पुरमा रहँदा उनले ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भासँग भेटवार्ता गर्ने अपेक्षा छ, तर क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीसँग भेट नहुने जनाइएको छ ।

क्यानाडाले प्रसारण गरेको टेलिभिजन विज्ञापनले आफ्नो कर ट्यारिफ नीतिको विरोध गरेपछि अमेरिकी राष्ट्रपति क्यानाडासँग असन्तुष्ट रहेका छन् । ट्रम्पले त्यसकै प्रतिक्रियामा हालै क्यानाडाली सामानमा १० प्रतिशत अतिरिक्त कर बढाउने घोषणा गरेका थिए ।

उनको भ्रमणमा अर्को प्रमुख विषय चीनसँगको व्यापार सम्बन्ध हो । एयर फोर्स वनमा साथ रहेका पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले दक्षिण कोरियामा हुने सी चिनफिङसँगको सम्भावित भेट 'उपलब्धिपूर्ण हुने आशा' व्यक्त गरे । उनले फेन्टानिल तस्करी नियन्त्रण र अमेरिकी किसानहरूको हितमा सोयाबिन बिक्री विस्तारलाई प्राथमिकतामा राख्ने बताए ।

उनले भने, 'हामीसँग ठूलो र समावेशी सम्झौता गर्ने राम्रो अवसर छ । म अमेरिकी किसानहरूको हितको रक्षा गर्न चाहन्छु र सी पनि आफ्नो देशका लागि केही चाहनु हुन्छ ।'

तथापि, वासिङ्टन छोडेपछि ट्रम्पका आर्थिक सम्झौताहरूका विशिष्ट विवरणहरू अझै सार्वजनिक भएका छैनन् । यसले दीर्घकालीन व्यापारिक समस्याहरू वास्तवमै समाधान हुने वा केवल राजनीतिक प्रदर्शनमा सीमित रहने भन्ने प्रश्न खुला छ ।

उनले भ्रमणका क्रममा जापान र दक्षिण कोरियासँग दीर्घकालीन व्यापार सम्झौतामा अन्तिम रूप दिन सकिने आशा व्यक्त गरेका छन् । 'हामीसँग धेरै देशसँग उत्कृष्ट सम्झौता भएका छन्,' उनले हाँस्दै भने ।

यस वर्षको क्वालालम्पुर शिखर सम्मेलनमा अनुपस्थित प्रमुख नेतामध्ये भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी पनि एक हुन् । आफ्नो पहिलो कार्यकालमा ट्रम्पसँग घनिष्ठ सम्बन्ध रहेका मोदी र अमेरिकी नेताबीच हाल सम्बन्ध केही तनावपूर्ण बनेका छन् । ट्रम्पले भारत-पाकिस्तानबीचको हालको द्वन्द्व समाधान गरेको दाबी गर्दै रुसी तेल खरिदका कारण भारतमाथि कर बढाएकोमा घमण्ड गरेपछि दुई नेताबीच असहजता देखिएको बताइन्छ । *रासस/एपी*

# भारत-चीनबीच पाँच वर्षपछि प्रत्यक्ष हवाई सेवा पुनः सुरु



**कोलकाता–** पाँच वर्षको अवरोधपछि भारत र चीनबीच आइतबार प्रत्यक्ष हवाई उडानहरू पुनः सुरु भएका छन् । यो कदम व्यापार र जनता-जनताबीचको सम्पर्कका दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिएको छ । यसले एसियाका दुई दिग्गज राष्ट्रबीच सम्बन्ध पुनर्निर्माणको प्रतीकात्मक सुरुआत गरेको छ ।

विश्वका सबैभन्दा धेरै जनसंख्या भएका छिमेकी यी दुई देशबीच लामो समयदेखि रणनीतिक प्रतिस्पर्धा रहँदै आएको छ । सन् २०२० मा हिमाली सीमामा भएको घातक झडपपछि सम्बन्धमा आएको तिक्तता विस्तारै घट्दै गएको छ । भारत सरकारका अनुसार उडान पुनः सुरु हुनु 'जनता-जनताबीचको सम्पर्क सुदृढ गर्न' र 'द्विपक्षीय आदानप्रदानलाई सामान्यिकरणतर्फ लैजान' सहयोगी हुने छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा ५० प्रतिशत करको सजाय लगाइएपछि वासिङ्टनसँगको व्यापारिक सम्बन्धमा तनाव झेलिरहेको भारतको बेइजिङसँगको सम्बन्ध पछिल्ला महिनाहरूमा न्यानो भएको देखिएको छ । ट्रम्पका सहयोगीहरूले भारतले मस्कोबाट तेल खरिद गरेर रुसको युक्रेन युद्धलाई परोक्ष रूपमा समर्थन गरेको आरोप लगाएका थिए ।

भारतको सबैभन्दा ठूलो विमान सेवा प्रदायक इण्डिगो एयरलाइन्सले चीनका लागि पहिलो दैनिक प्रत्यक्ष उडान सञ्चालन गरेको छ । कोलकाताबाट आइतबार बिहान १० बजे (१६:३० जिएमटी) ग्वाङ्झाउका लागि पहिलो उडान प्रस्थान गरेको थियो । राजधानी नयाँदिल्लीबाट सांघाई र ग्वाङ्झाउतर्फका थप सेवाहरू नोभेम्बरदेखि सुरु हुने तयारीमा छन् ।

'प्रत्यक्ष हवाई सम्पर्कले लजिस्टिक लागत र ट्राञ्जिट समय घटाउने छ,' कोलकातास्थित इण्डियन चेम्बर अफ कमर्सका प्रमुख राजीव सिंहले भने, 'यसले व्यापारिक समुदायलाई ठूलो फाइदा पुऱ्याउने छ ।'

कोलकाता सहरको चीनसँग ऐतिहासिक सम्बन्ध छ, जुन ब्रिटिस शासनकालदेखि नै सुरु भएको हो, जतिबेला चिनियाँ आप्रवासीहरू व्यापारीका रूपमा यहाँ आएका थिए । सहरको प्रसिद्ध 'इण्डो-चिनियाँ फ्युजन' परिकार त्यही सम्पर्कको स्वादिलो प्रतीक बनेको छ ।

'हामीजस्ता चीनमा आफन्त भएका मानिसहरूका लागि यो हर्षको समाचार हो,' कोलकाताको चिनटाउन क्षेत्रमा रहेको नागरिक समाजका नेता चेन खोइ कुईले भने, 'हवाई सम्पर्कले व्यापार, पर्यटन र सांस्कृतिक आदानप्रदान दुवैलाई सुदृढ पार्ने छ ।'

भारत र चीनबीच व्यापारिक असन्तुलन अझै ठूलो छ । भारतले चिनियाँ कच्चा मालमा ठूलो निर्भरता राखेको छ, जसले औद्योगिक उत्पादन र निर्यात वृद्धिलाई असर गरेको छ । गत वर्ष रुस तथा यस वर्ष अगस्टमा चीनमा भएका उच्चस्तरीय बैठकहरूले दुई देशबीच मेलमिलापको वातावरण सिर्जना गरेको बताइन्छ ।

भारतको वाणिज्य मन्त्रालयका अनुसार गत महिना चीनबाट आयात ११ अर्ब डलरभन्दा बढी पुगेको छ । यो गत वर्षको तुलनामा १६ प्रतिशत वृद्धि हो । त्यही अवधिमा भारतबाट चीनमा निर्यात एक अर्ब ४७ करोड डलर पुगेको छ । यसमा वार्षिक रूपमा करिब ३४ प्रतिशत वृद्धिदर देखिएको छ ।

कोभिड-१९ महामारीका समयमा दुई देशबीचका करिब ५०० मासिक प्रत्यक्ष उडानहरू स्थगित भएका थिए । सन् २०२० मा भएको सीमा झडपमा २० जना भारतीय र चार जना चिनियाँ सैनिकको मृत्यु भएपछि सम्बन्ध अझै बिग्रिएको थियो । त्यसपश्चात् भारतले चिनियाँ लगानी र प्राविधिक पहुँचमा प्रतिबन्ध लगाउँदै टिकटकसहित सयौं एप प्रतिबन्धित गरेको थियो ।

यद्यपि पछिल्ला महिनामा सम्बन्धमा सुधारका संकेत देखिएका छन् । यस महिना दुवै देशका सैनिकहरूले हिन्दू पर्व दसैं-तिहार (दीपावली) को अवसरमा मिठाइ आदानप्रदान गर्दै 'सद्भावको प्रतीक' प्रदर्शन गरेको भारतस्थित चिनियाँ दूतावासका प्रवक्ता यु जिङले बताए ।

'बेइजिङसँग सम्बन्ध सुधार गर्नु वासिङ्टनलाई उपयुक्त सन्देश पठाउने कूटनीतिक संकेत हो,' भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी चिनफिङबीच अगस्टमा भएको भेटपछिको सम्पादकीयमा द इण्डियन एक्सप्रेसले लेखेको थियो, 'तर, सामान्यीकरणको बाटो अझै लामो छ । बढ्दो दृढ चीनलाई व्यवस्थापन गर्नु भारतको दीर्घकालीन चुनौती बनेको छ ।' 'ट्रम्पका अनिश्चित कूटनीतिक नीतिहरूका बाबजुद पनि यी आधारभूत वास्तविकताहरू अपरिवर्तित रहन्छन्,' सम्पादकीयमा भनिएको थियो । *रासस/एएफपी*

# जापानले सफलतापूर्वक प्रक्षेपण गऱ्यो नयाँ कार्गो यान



**टोकियो–** जापानको अन्तरिक्ष एजेन्सीले आइतबार आफ्नो सबैभन्दा शक्तिशाली फ्ल्यागसिप एच-३ रकेटको सफल प्रक्षेपण गरेको छ । यसले अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन (आइएसएस) मा आपूर्ति पुऱ्याउने पहिलो मिसनका लागि नवीनतम् मानवरहित कार्गो अन्तरिक्ष यान एचटिभी-एक्स-१ बोकेको छ ।

जापान एरोस्पेस एक्सप्लोरेसन एजेन्सी (जाक्सा) ले एचटिभी-एक्स-१ सफलतापूर्वक उडान भरेको पुष्टि गर्दै जापानको दक्षिणी क्षेत्रमा अवस्थित तानेगासिमा अन्तरिक्ष केन्द्रबाट गरिएको प्रक्षेपणको करिब १४ मिनेटपछि रकेट लक्षित कक्षामा प्रवेश गरेको जनाएको छ । यानलाई योजनाबद्ध रूपमा अलग गरी निर्धारित कक्षामा स्थिर राखिएको र यदि सबै कुरा योजना अनुसार भयो भने केही दिनभित्रै आइएसएसमा पुग्ने अपेक्षा गरिएको छ ।

हाल आइएसएसमा कार्यरत जापानी अन्तरिक्ष यात्री किमिया युईले यसलाई बिहीबार बिहान रोबोटिक हातद्वारा समात्ने तयारी गरिरहेका छन् । एचटिभी-एक्स, जाक्साको अघिल्लो मानव रहित एच-२ ट्रान्सफर भेहिकल (कनोटोरी वा 'स्टर्क') को उत्तराधिकारी हो । यसले सन् २००९ देखि सन् २०२० सम्म आइएसएसमा नौ सफल मिसन पूरा गरेको थियो । नयाँ कार्गो यानले अघिल्लाभन्दा ठूलो पेलोड बोक्न सक्षम छ र कम तापक्रममा भण्डारण आवश्यक पर्ने प्रयोगशाला नमूनाहरू समेत सुरक्षित रूपमा पठाउन सक्छ ।

यो अन्तरिक्ष यान आइएसएसमा छ महिनासम्म जडान रहन र आवश्यक आपूर्ति पुऱ्याएपछि स्टेसनबाट फोहोर पुनः ल्याउन डिजाइन गरिएको छ । मिसन पूरा भएपछि यसले करिब तीन महिनासम्म कक्षीय उडानमा रहँदै प्राविधिक अनुसन्धान गर्ने छ ।

आइतबारको सफल प्रक्षेपणले एच-३ रकेटको सबैभन्दा शक्तिशाली संस्करणको डेब्यू पनि संकेत गरेको छ, जसमा चारवटा बुस्टर र ठूलो फेयरिङ (पेलोड कम्पार्टमेन्ट) प्रयोग गरिएको छ । जाक्साका अध्यक्ष हिरोशी यामाकावाले यस प्रक्षेपणलाई 'अन्तरिक्ष आपूर्तिमा जापानको स्वतन्त्र क्षमताको प्रतीकात्मक ठूलो उपलब्धि' भन्दै 'स्वायत्त अन्तरिक्ष गतिविधिको ठोस आधार' का रूपमा वर्णन गरेका छन् ।

एच-३ रकेटको विकास तथा सञ्चालनमा जिम्मेवारी वहन गर्ने मित्सुबिसी हेभी इण्डस्ट्रिजका अन्तरिक्ष व्यवसाय विभाग प्रमुख इवाओ इगाराशीले जापानले ग्राहकको आवश्यकतालाई ध्यानमा राख्दै समयमै पेलोड डेलिभरी गर्ने आफ्नो विश्वसनीयता प्रमाणित गरेको बताए । उनका अनुसार कम्पनीले आगामी वर्षहरूमा आफ्नो प्रक्षेपण सुविधा विस्तार गर्ने योजना बनाएको छ ।

एच-३ रकेटले हालैमात्र अन्तिम उडान सम्पन्न गरेको जापानको पुरानो मुख्य एच-२ ए रकेटलाई प्रतिस्थापन गरेको हो । नयाँ फ्ल्यागसिप मोडेल विश्वव्यापी अन्तरिक्ष बजारमा अधिक लागत-प्रतिस्पर्धी बन्नका लागि डिजाइन गरिएको हो । सन् २०२३ मा पहिलो प्रयास असफल भएपछि एच-३ ले लगातार छ सफल उडान पूरा गरेको छ ।

जापानले आफ्नो अन्तरिक्ष कार्यक्रमलाई राष्ट्रिय सुरक्षाको प्रमुख आधार मान्दै स्थिर र व्यावसायिकरूपमा प्रतिस्पर्धी अन्तरिक्ष यातायात क्षमताको विकासलाई दीर्घकालीन प्राथमिकता दिएको छ । *रासस/एपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य


| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २४१९०० | प्रति तोला – ० | प्रति तोला – ३०१५ |



महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका-२ स्थित महेन्द्र चोकमा आइतबार छठपर्वका लागि केराको घरी खरिदबिक्री गर्दै ।
*तस्विरः रासस*

# तीन महिनामा करिब चार खर्बको व्यापार घाटा

- असोज मसान्तसम्म कूल वैदेशिक व्यापार पाँच खर्ब ४० अर्ब ८६ करोड ६१ लाख
- तीन महिनामा कूल तीन खर्ब ९५ अर्ब ३० करोड रूपैयाँ घाटा
- भारतसँग एक खर्ब ९९ अर्ब ७४ करोड रूपैयाँ तथा चीनसँग एक खर्ब चार अर्ब ७० करोड रूपैयाँबराबरको घाटा
- डेनमार्कसँगको व्यापारमा सबैभन्दा बढी २४ करोड ९८ लाख ३० हजार रूपैयाँबराबरको नाफा




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो तीन महिनामा मुलुकले करिब चार खर्ब रूपैयाँबराबरको व्यापार घाटा बेहोरेको छ ।

भन्सार विभागले आइतबार सार्वजनिक गरेको असोज मसान्तसम्मको वैदेशिक व्यापारको तथ्यांकअनुसार यो अवधिमा चार खर्ब ६८ अर्ब आठ करोड ३३ लाख रूपैयाँको आयात र गर्दा ७२ अर्ब ७८ करोड २८ लाख रूपैयाँबराबरको निर्यात भएको हो । यसरी असोज मसान्तसम्ममा कूल पाँच खर्ब ४० अर्ब ८६ करोड ६१ लाख रूपैयाँको वैदेशिक व्यापारमा नेपालले तीन खर्ब ९५ अर्ब ३० करोड रूपैयाँ घाटा बेहोरेको छ ।

पछिल्लो तीन महिनामा छिमेकी मुलुक भारतबाट दुई खर्ब ५८ अर्ब ८७ करोड ८२ लाख रूपैयाँको आयात र ५९ अर्ब १२ करोड ८३ लाख रूपैयाँको निर्यात हुँदा एक खर्ब ९९ अर्ब ७४ करोड रूपैयाँबराबरको घाटा बेहोरेको छ ।

त्यस्तै, चीनसँगको असोज मसान्तसम्मको व्यापार घाटा एक खर्ब चार अर्ब ७० करोड रूपैयाँ छ । चीनबाट एक खर्ब चार अर्ब ८९ करोड रूपैयाँको आयात हुँदा १८ करोड ६४ लाख रूपैयाँबराबरको मात्रै निर्यात भएको छ ।

नेपालको सबैभन्दा बढी व्यापार नाफा डेनमार्कसँग छ । यो अवधिमा डेनमार्कबाट चार करोड एक लाख रूपैयाँको आयात हुँदा २८ करोड ९९ लाख रूपैयाँबराबरको निर्यात भएको हो । यसरी डेनमार्कसँग २४ करोड ९८ लाख ३० हजार रूपैयाँबराबरको व्यापार नाफा भएको छ । जर्मनी, रोमानिया, स्वीडेन, लेबनानलगायतका मुलुकसँग पनि नेपालको व्यापार नाफा बढी छ ।

पछिल्लो तीन महिनामा पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ । यो अवधिमा १६ अर्ब ७८ करोड ८७ लाख रूपैयाँको पेट्रोल, २० अर्ब ६९ करोड ४५ लाख रूपैयाँबराबरको डिजेल र १३ अर्ब ९८ करोड १९ लाख रूपैयाँको एलपी ग्यास आयात भएको छ । यो अवधिमा १३ अर्ब ६२ करोड ७५ लाख रूपैयाँबराबरको स्मार्टफोन आयात भएको छ ।

## थाई एसियाले सुरू गऱ्यो भैरहवा-बैंकक उडान

■ **प्रभाव संवाददाता**



**भैरहवा (रूपन्देही)–** थाई एसिया एयरले बैंकक-भैरहवा-बैंकक उडान आइतबारदेखि पुनः सुरु गरेको छ । आइतबार बैंककबाट एयरबस ३२० विमानले १७ जना यात्रुसहित सवा १२:०० बजे भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको थियो ।

साथै भैरहवाबाट १६२ जना बोकेर विमान दिउँसो १:१५ बजे पुनः बैंकक फर्किएको विमानस्थलका सूचना अधिकारी विनोदसिंह रावतले जानकारी दिए । उनका अनुसार एयरलाइन्सले बैंकक-भैरहवा-बैंकक मार्गमा हप्तामा दुईपटक उडान गर्ने छ । एयरलाइन्सले प्रत्येक साता आइतबार र बुधबारका लागि नियमित उडानका लागि अनुमति पाएको छ ।

# जलवायुका कारण सगरमाथा हिमक्षेत्र उच्च जोखिममा



*तस्बिर सौजन्यः सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी)*

■ **भीष्मराज ओझा**

**काठमाडौं–** पछिल्लो अध्ययनले जलवायु परिवर्तनको बढ्दो प्रभावका कारण हिन्दूकुश हिमालय क्षेत्रमा हिमताल विष्फोटन, हिमपहिरो तथा छिटो हिउँ पग्लने जोखिम बढेको देखाएको छ ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)ले गरेको 'थामे उपत्यका हिमताल विष्फोटन बाढीको कारण, प्रभाव, र भविष्यका जोखिम' नामक अध्ययनमा उक्त क्षेत्रमा प्रत्येक १० वर्षमा औसत ०.२८ डिग्री सेल्सियसले तापक्रम बढिरहेको उल्लेख छ । उक्त अध्ययन इसिमोडका जोखिम विशेषज्ञहरू सुदनविकास महर्जन, तेन्जिङ छोग्याल शेर्पा र अरुणभक्त श्रेष्ठले गरेका हुन् ।

अध्ययनले जलवायु परिवर्तनका कारण सगरमाथा क्षेत्रले अभूतपूर्व हिमनदीको पग्लिने दर बढ्नेजस्ता समस्या भोगिरहेको देखाएको छ । यो दर पछिल्ला दशकमा पहिलेको तुलनामा ६५ प्रतिशतले बढेको देखिन्छ । हिमनदी पग्लने दर बढ्दा अमू दरिया, सिन्धु, गंगा, ब्रह्मपुत्र र इरावदी बेसिनका २५ हजारभन्दा बढी हिमताल वृद्धि भइरहेको अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

सोलुखुम्बुको थामे क्षेत्रमा गत वर्ष भएको हिमताल विष्फोटनको बाढी सम्बन्धमा गरिएको उक्त अध्ययनले सो पुष्टि गरेको हो । भूगर्भीय र भूआकृतिक कारकहरूको विनाशकारी, जटिल र शृंखलाबद्ध असरले सो क्षेत्रमा हिमताल विष्फोटन बाढीको शक्तिलाई बढाइदिएको अध्ययनमा उल्लेख छ ।

इसिमोडको अध्ययनका एक लेखक 'रिमोट सेन्सिङ विश्लेषक' महर्जनले हिन्दूकुश हिमालयमा २५ हजारभन्दा बढी हिमताल रहेका र थामे घटनाले तुलनात्मकरूपमा साना तालबाट पनि हुने जोखिम बुझ्न र रोक्नका लागि धेरै प्रयास गर्न आवश्यक छ भन्ने देखाएको उल्लेख गरे । अध्ययनमा जलवायु परिवर्तनका कारण थामेमा विनाशकारी क्षति पुगेको उल्लेख छ ।

अध्ययनले चार हजार ९०० मिटर उचाइमा रहेको हिमतालमा ठूलो चट्टान खस्दा बाँध भत्किएर एक लाख ५६ हजार घन मिटर पानी बाहिरिएको देखाएको छ । उक्त पानी १२० मिटर तल रहेको अर्को तालमा खस्दा तालमा २२ मिटर अग्लो र ५१ मिटर चौडा प्वाल परेको थियो । त्यसले थप तीन लाख तीन हजार घनमिटर पानी बाहिरिएको अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

दुवै तालमा भएको पानी एकसाथ बग्दा पानीको बहाव अत्यन्तै तीव्र भएको र त्यसले ठूला ढुंगासहितका भग्नावशेषलाई ८० किलोमिटर तलसम्म बगाएर लगेको थियो । त्यसपछि उत्पन्न बाढीले आफ्नो बाटोमा पर्ने नदी किनारमा क्षति गरेको थियो । नदीको प्राकृतिक रूपमा साँघुरिएको भाग र अस्थायीरूपमा जम्मा भएको बाढीको पानी बगेर जाँदा बाढीले ठूलो रूप लिएको थियो । 'यसले गर्दा ठूलो क्षति भएको, थामे गाउँ नजिकको करिब आधा किलोमिटर चौडा उपत्यका भग्नावशेषहरूले भरिएको थियो,' उनले भने ।

बाढीले निजी घर, एउटा विद्यालय, स्वास्थ्य चौकी, पुल र एउटा जलविद्युत् आयोजनालाई क्षति पुऱ्याएको थियो । उक्त घटना दिउँसो भएकाले र पानी जम्मा भएको कारण बाढी चरणबद्धरूपमा आएकाले मानवीय क्षति हुन नपाएको प्रतिवेदनमा उल्लेख छ । उक्त विपद्ले १३५ व्यक्ति विस्थापित र २५ घर नष्ट भएका थिए ।

नेपालमा सन् १९२० को दशकदेखि यता ९० भन्दा बढी हिमताल विष्फोटन भइसकेका छन् । जसमध्ये सगरमाथा क्षेत्रमामात्रै ५० वर्षभन्दा कम अवधिमा पाँचवटा यस्ता ठूला घटना भइसकेका छन् । हिमताल विष्फोटन बाढी उच्च हिमाली क्षेत्रमा सबैभन्दा विनाशकारी र प्रमुख खतरामध्ये पर्दछन् । केही घण्टाभित्रै लाखौं घन मिटर पानी र भग्नावशेष छोड्न सक्ने क्षमता भएका यस्ता घट्नाले तल्लो तटीय क्षेत्रमा विनाशकारी क्षति पुऱ्याउँछन् ।

अध्ययनका सहलेखक इमिमोडका हिम विश्लेषक तेन्जिङ छोग्याल शेर्पाले जलवायुका अति गम्भीर घटना बढ्दै जाँदा, थामेजस्ता बाढीका घट्ना एउटा कठोर सम्झना र आत्मचिन्तनको क्षण भएको बताए । उनले भने, 'यसले पहाडी समुदायहरूले कसरी जलवायु-प्रेरित विपत्तिहरूको चपेटा सहिरहेका छन् भन्ने देखाउँछ । यस्ता अध्ययनले जलवायु परिवर्तनका वास्तविकताहरू बुझ्न सहयोग गर्छ ।'

इसिमोडका वरिष्ठ सल्लाहकार तथा अध्ययनका सहलेखक अरुणभक्त श्रेष्ठले थामे घटनाले हिन्दूकुश हिमालय क्षेत्रमा विश्वको तुलनामा झण्डै तीन गुणाले तापक्रम वृद्धि भइरहेकाले यस क्षेत्रका हिमनदीमा खतरा बढ्दै गएको बताए । 'पछिल्ला दुई वर्षमामात्रै, हामीले यस क्षेत्रमा हिमताल विष्फोटन बाढीसहित धेरै उच्च हिमाली खतराहरू देखेका छौं, त्यसैले अब यस क्षेत्रमा वास्तविक सूचना तत्काल सुदृढ गर्न थप बाढी र मौसम पूर्वानुमान स्टेसन स्थापना र भविष्यमा हुनसक्ने घट्नाबाट हुने क्षति घटाउन इन्जिनियरिङ संरचना, जस्तै नदीकिनार सुरक्षणसम्बन्धी काम गर्न आवश्यक छ,' उनले भने ।

थामे घटनाले हिमवत् क्षेत्र र विपद्सम्बन्धित घटना बुझ्न र भविष्यमा कार्यान्वयन योग्य नीति निर्माणका लागि पाठ सिकाएको छ । हालसालै, यस क्षेत्रमा 'बिल्डिङ एडप्टेसन एण्ड रेजिलेन्स इन द हिन्दू कुश हिमालयज' परियोजनाले विपद्को लागत र जोखिम घटाउनेमा ध्यान केन्द्रित गरेको छ । *रासस*

# छठ पर्वमा चोयाको व्यापारले बजारमा नयाँ रौनक



**धरान (सुनसरी)–** तिहार सकिएसँगै धरानमा यतिबेला छठ पर्वको चहलपहल सुरु भएको छ । आइतबार बजारमा छठ मनाउनेहरू बाँसको चोयाबाट बनाइएका डालो, नाङ्लो, डोको, कोनिया, ढाकीलगायतका सामग्री खरिदमा केन्द्रित थिए ।

सुनसरीको रामधुनी नगरपालिका-५ झुम्काका व्यापारी धर्मुकु स्वामीले भने, 'छठमा बाँसका सामानको बिक्री अत्यधिक हुन्छ। तीन/चार दिनमा तीन लाख रूपैयाँभन्दा बढीको कारोबार हुन्छ ।' उनले पहाड र भारतका विभिन्न स्थानबाट सामान ल्याई छठमा बिक्री गर्दै आएका छन् । 'सहरमा चोयाका सामग्री बनाउने कम भइसकेका छन्, भोजपुर, धनकुटालगायतका पहाडी भेग र भारतबाट सामान ल्याएर बिक्री गर्नुपर्ने अवस्था छ,' उनले भने ।

व्यापारी अमृता रौनियाका अनुसार छठ पूजामा बाँसको चोयाबाट बनाइएका सामग्री अनिवार्यजस्तै मानिन्छन् । बाँसको हस्तकला संरक्षणसँगै स्थानीय रोजगारीमा पनि सहयोग पुगेको उनको भनाइ छ । 'छठ पर्व हामीजस्ता व्यापारीका लागि पनि अवसर हो, बिहानदेखि बेलुकासम्म पसलमा ग्राहकको भीड हुन्छ, मैले भारतबाट सामान ल्याएर झुम्का, इनरुवा, इटहरीलगायतका बजारमा बिक्री गर्छु ।' ग्राहक लक्ष्मी खड्काले भने आफू छठका लागि चोयाको सामग्री किन्न बजार आएको बताइन् । 'छठमा विशेषगरी कोनिया र ढाकी चाहिन्छ, त्यसैमा फलफूल राखेर पूजा गर्ने चलन छ,' उनले भनिन् ।

छठ पर्वले नेपाली समाजमा केवल धार्मिक आस्था र सूर्य उपासनालाई मात्र बलियो बनाएको छैन । यसले बाँसको परम्परागत पेसा र हस्तकला संरक्षणमा पनि महत्त्वपूर्ण भूमिका खेलेको छ । व्यापारीले पर्वका अवसरमा राम्रो आम्दानी गर्दै आएका छन् भने स्थानीय र बाह्य स्रोतबाट आयातीत सामग्रीले उपभोक्ताको विविध माग पूरा गरिरहेको व्यवसायी बताउँछन् । *रासस*

## नेप्से परिसूचकमा सामान्य सुधार

**काठमाडौं (प्रस)–** साताको पहिलो कारोबार दिन सेयरबजारमा सामान्य सुधार आएको छ । आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ५.१९ अंकले बढेर दुई हजार ५०९.०४ को बिन्दुमा कायम भएको हो ।

विभिन्न ३१३ कम्पनीका ५५ लाख ९६ हजार ७७ कित्ता सेयर २७ हजार ८९९ पटक खरिदबिक्री हुँदा कारोबार रकम दुई अर्ब ६६ करोड १३ लाख दुई हजार रूपैयाँमा खुम्चिएको नेप्सेले जनाएको छ । आइतबारको कारोबारमा जीवन बिमा, उत्पादन तथा प्रशोधन, निर्जीवन बिमा, व्यापार र अन्य समूहको उपसूचक बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । एसबिएल डिबेञ्चर २०८९ को सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने तारागाउँ रिजेन्सी होटल लिमिटेडको सेयर मूल्य ७.१६ प्रतिशतले घटेको छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ